मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ११६ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत १ गते शनिवार (Saturday, March 14. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ चैत २ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७


## पत्रकार राईको घरमा शिवाकोटी दम्पतीले छाना लगाइदिने



**शनिश्चरे, फागुन ३०।** पत्रकार इन्द्रकुमार राईले आर्थिक अभावका कारण घर निर्माण पूरा गर्न नसकिरहेका बेला बिर्तामोडका एक दम्पतीले छानो लगाइ दिने भएका छन् ।

घर निर्माण शुरु गरेर सम्पन्न गर्न आर्थिक अभाव झेलिरहेका राईलाई बिर्तामोड-१ निवासी डिल्लीरमण शिवाकोटी र गीता शिवाकोटीले छानोको लागि जस्तापाता प्रदान गर्ने बताएका छन् ।

शुक्रबार बिहान सञ्चारकर्मीसहित राईको निर्माणाधीन अधुरो घरमा पुगेका बिर्तामोडका सामाजिक व्यक्तित्व डिल्लीरमण र गीताले राईको घरमा छानाको लागि आवश्यक सम्पूर्ण जस्तापाता प्रदान गर्ने बताएका हुन् । छानो लगाउने काम पूरा भएपछि पत्रकार राई अब छिट्टै आफ्नै घरमा बस्न पाउने शिवाकोटी दम्पतीको विश्वास छ ।

अर्जुनधारा प्रेस क्लबका सदस्य समेत रहेका राईको घर निर्माणका लागि अर्जुनधारा प्रेस क्लबको पहलमा गत आर्थिक वर्षमा अर्जुनधारा नगरपालिकाले एक लाख रुपैयाँ उपलब्ध गराएसंगै स्थानीय सामाजिक व्यक्तित्व केदार पराजुलीले आठ धुर जग्गा उपलब्ध गराएका थिए ।

घर निर्माणका लागि जमिन प्राप्त हुनुका साथै नगरपालिकाबाट प्राप्त एक लाख रुपैयाँले घर निर्माण कार्य शुरु गरे पनि खर्च अभावका कारण निर्माण सम्पन्न गर्न नसकेको पत्रकार राईले बताए ।

पत्रकार राईको घरको छानामा लगाउन आवश्यक जस्तापाता उपलब्ध गराइदिने प्रतिवद्धता जनाउने शिवाकोटी दम्पतीको उदार भावनाको सम्मान गर्दै नेपाल पत्रकार महासंघका झापा शाखाका उपाध्यक्ष एकराज गिरीले आभारसहित धन्यवाद ज्ञापन गरे । सो अवसरमा पत्रकारहरु दिपीन राई, रमेश समदर्शी राई, रेजिना गौतम लगायतको उपस्थिति रहेको थियो ।

# श्रम स्वीकृति स्थगित

**झापा, फागुन ३०।** कोभिड-१९ (कोरोना) भाइरसले विश्वव्यापी रुपमा प्रभाव पार्दै गएपछि सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दिइने श्रम स्वीकृति अनिश्चितकालसम्मका लागि स्थगन गरेको छ ।

नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बिहीबारको बैठकले 'अर्को सूचना नभएसम्म वैदेशिक रोजगारका लागि दिइने श्रम स्वीकृति स्थगन गर्ने' निर्णय गरेपछि श्रम स्वीकृति प्रदान गर्ने कार्य स्थगित गरिएको वैदेशिक रोजगार कार्यालय ताहचलका प्रमुख उमेश बस्नेतले जानकारी दिए ।

नेपालको प्रमुख श्रम गन्तव्य मुलुक दक्षिण कोरिया, मलेसिया, कतार, संयुक्त अरब इमिरेट्स (युएई), ओमन, बहराइन, कुवेत लगायतमा कोरोना भाइरस देखिएपछि ती मुलुकमा नेपाली कामदार नपठाउन सरकारलाई तीव्र दबाब परेको थियो । श्रम मन्त्रालयले यसअघि नै श्रम स्वीकृति स्थगन गर्ने तयारी गरे पनि निर्णय हुन सकेको थिएन ।

सरकारले दक्षिण कोरियामा मार्च महिनाभर श्रमिक नपठाउने निर्णय गरिसकेको छ । कोरोनाको संक्रमण बढ्न नदिन कतारले यसअघि नै नेपालीसहित १४ देशका नागरिकलाई प्रवेशमा रोक लगाइसकेको छ भने कुवेतले पनि भिसा दिन बन्द गरेको छ ।

बुधबार विश्व स्वास्थ्य स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले कोरोना भाइरसलाई महामारीको घोषणा गरेको थियो । कोरोना भाइरसबाट बच्नका लागि अन्य देशहरुले पनि आवश्यक सतर्कता अपनाउँदै अन्तर्राष्ट्रिय हवाई उडान र आवतजावतमा प्रतिबन्ध लगाएका छन् ।

**नेपालमा हालसम्म ५५० परीक्षण**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमण भए नभएको पुष्टि गर्न नेपालमा हालसम्म करिब ५५० वटा परीक्षण गरिएको र ती सबै परीक्षणमा संक्रमण नपाइएको सरकारी अधिकारीहरूले जनाएका छन् ।

गत जनवरीको १३ तारिखमा टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग उपचार केन्द्रमा एक जना व्यक्ति आफैँ परीक्षण गराउन आएको र उनमा उक्त संक्रमण भएको पुष्टि भए यता अन्य घटना भने

*(बाँकी अन्तिम पृष्ठमा)*

## उच्च ज्वरो आएका ६ भारतीयलाई फर्काइयो

**बिर्तामोड, फागुन ३०।** स्थलमार्ग हुँदै पूर्वी नाका काँकरभिट्टा भएर नेपाल प्रवेश गर्न लागेका ६ जना भारतीय नागरिकमा उच्च ज्वरो देखिएका कारण भारत नै फर्काइएको छ ।

प्रहरीका अनुसार भारतको वंगाल बस्ने १९ वर्षीय मुर्र हस्दा, २९ वर्षीय निक्ल हस्दा सोही ठाउँका २१ वर्षीय राहुल मिया, बिहारका २६ वर्षीय विद्युत् सरकार, भारत उत्तरदिनाजपुर निवासी ३२ वर्षीय दीपेश सरकार र मुण्डा गाउँका २९ वर्षीय समिर मुण्डालाई भारत फर्काइएको हो ।

स्थलमार्ग हुँदै नेपाल प्रवेश गरेका ५६१ जनामा स्वास्थ्य परीक्षण गर्दा उनीहरुमा उच्च ज्वरो पाइएपछि भारत नै फर्काइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## डाका मुद्दाका फरार ओली पक्राउ



**बिर्तामोड, फागुन ३०।** डाका मुद्दामा फरार रहेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत झापाले २०६७ माघ १० गते गरेको फैसला कार्यान्वयन गर्ने क्रममा साविक ज्यामिरगढी गाविस वडा नम्वर ८ निवासी ४५ वर्षीय प्रकाश ओलीलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका ओलीविरुद्ध जिल्ला अदालत झापाबाट ६ वर्ष कैद र एक लाख ९६ हजार ९ सय ५० रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ ।

उनलाई प्रहरीले घरमै लुकेर रहेको सूचनाका आधारमा शुक्रवार पक्राउ गरेको हो । पक्राउ परेका ओलीलाई जिल्ला अदालतको आदेशमा जिल्ला कारागार पठाएको बताइएको छ ।

## छोरी-बुहारीलाई नि:शुल्क स्नातक

**कचनकवल, फागुन ३०।** नेपालकै होचो भागमा रहेको कचनकवल गाउँपालिकाले छोरीबुहारीलाई स्नातक तहसम्म नि:शुल्क अध्ययन शुरु गरेको छ ।

गाउँपालिका अध्यक्ष अञ्जार आलमका अनुसार कक्षा १२सम्म नि:शुल्क शिक्षा शुरु गरेको कचनकवलले छोरीबुहारीलाई स्नातकसम्म नि:शुल्क पढ्ने बातावरण बनाएको बताइएको छ ।

कचनकवल गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ ७ वटा मावि, ७ वटा आधारभूत र १३ वटा प्रावि रहेका छन् । तिनमा सात हजार तीन सय ९० विद्यार्थी अध्ययन गरिरहेको गाउँ शिक्षा प्रमुख छवि बस्नेतले जानकारी दिए । त्यस्तै बस्नेतका अनुसार निजी विद्यालयहरु १३ वटा रहेको र ती विद्यालयमा ३ हजार विद्यार्थी अध्ययनरत् छन् । यी बाहेक धार्मिक १२ विद्यालयहरुलाई समेत गाउँपालिकाले अनुदान दिँदै आएको छ ।

पालिकामा २ वटा गुरुकुल सञ्चालित छन् भने १० वटा मदरसा सञ्चालन रहेका छन् । त्यस्तै २ वटा सामुदायिक सिकाइ केन्द्र समेत रहेका छन् । शिक्षा प्रमुख बस्नेतका अनुसार यसै शैक्षिक सत्रदेखि नमूना बाल कक्षा शुरु हुँदैछ । सबै माविलाई २०/२० थान कम्प्युटर र शिक्षकको समेत व्यवस्था गरेको बताइएको छ । गाउँपालिकाकै निजी स्रोतमा १४ जना कम्प्युटर शिक्षकहरुले काम गरिरहेका छन् । शिक्षाको गुणस्तरमा कमी नआओस् भनेर शिक्षक कर्मचारीलाई मासिक रुपमा तलव दिनेसमेत व्यवस्था गरेको बस्नेतले बताए ।

विद्यार्थीलाई कृषिमा आकर्षित गर्न बिद्यार्थी कृषि सहकारी कार्यक्रम समेत गाउँपालिकाले अघि सारेको छ । त्यस्तै कृषि प्राविधिक कार्यक्रम समेत सञ्चालन गरिएको छ । कचनकवलले शिक्षामा १ करोड २ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

## कट्टुवा पेस्तोलसहित तीन जना भारतीय नागरिक पक्राउ

**मोरङ , फागुन ३०।** मोरङ सुनवर्षी-८ हर्चनगढीबाट तीन जना भारतीय नागरिक हतियारसहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जिल्ला अररिया धर्मगञ्ज पञ्चायत पलासी थाना डकैता भारत बस्ने २१ बर्षीय अजयकुमार मण्डल, १८ बर्षीय आनन्दकुमार मण्डल र २१ बर्षीय राकेश कुमार साह रहेका छन् ।

विहीवार राति हर्चनगढीस्थित रहेको एक घरमा मादक पदार्थ सेवन गरी बसिरहेका उनीहरुलाई १ थान कट्टुवा पेस्तोल, १ राउण्ड गोली र उनीहरुले प्रयोग गरेको १ थान १५० सीसीको अनटेष्ट पल्सर मोटरसाइकलसहित नियन्त्रणमा लिईएको इलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।


**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)


## वडा कार्यालय बनाउन दाताहरुले दिए जग्गा




**हल्दिवारी, फागुन ३०।** हल्दिवारी-५ नं. वडा कार्यालय बनाउनका लागि ६ कट्ठा जग्गा नि:शुल्क उपलब्ध भएको वडाध्यक्ष शेरबहादुर नेम्वाङले बताएका छन् ।

एक महिना भित्रमा टेन्डर गरी भवन बनाउन शुरु गरिन लागेको अध्यक्ष नेम्वाङले बताए । वडा कार्यालय तथा स्वास्थ्य चौकी समयमै नबन्दा भाडाकै घरमा काम गर्नु परेकोले असहज भएको वडा सचिव भजन संग्रौला बताउँछन् । सचिव संग्रौलाका अनुसार सनतकुमार थापा मगर, लाखध्वज कन्दङ्वा, मुकेश विन्दल, सन्तोषदेवी अग्रबाल र डम्बरकुमारी राईले ५ कट्ठा जमिन नि:शुल्क उपलब्ध गराएका हुन् ।

त्यस्तै १ कट्ठा जमिन वडाको नाममा पास हुने प्रक्रियामा रहेको छ भने उक्त जमिन एकराज रानामगर, रामप्रसाद दुलाल र दिलकुमार नेम्वाङले उपलब्ध गराएको वडासचिव संग्रौलाले जानकारी दिए । वडा कार्यालय भवन बनाउन दिएको उक्त जग्गाको रु. ६० लाख रहेको दाताहरुले जनाएका छन् ।





**सूचना**

- सम्बन्धित निकायमा दर्ता गरेर मात्र वस्तु वा सेवाको उत्पादन र विक्री वितरण सम्बन्धी कारोबार गरौं ।
- जाँच नगराएको वा रोगी, मरेको पशुपन्छीको मासु तथा मिसावट गरेको मासु विक्री नगरौं र नगराऔं ।
- गुणस्तरीय वस्तु वा सेवाको उपभोग गर्न पाउने उपभोक्ताको संवैधानिक हक तथा मानवअधिकारको सम्मान गरौं र गराऔं ।
- कसैले उपभोक्ता हितमा प्रतिकुल असर पर्ने काम कार्वाही गरेको पाइएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।
- जाँच नभएका र निरीक्षकद्वारा जाँचको टाँचा नलगाइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र विक्री, वितरण वा प्रयोगमा नल्याऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग






# कनकाईलाई सुखानी शहीद स्मृति गोल्डकपको उपाधि



**अर्जुनधारा, फागुन ३०।** कनकाई नगर खेलकुद विकास समितिले झापाको अर्जुनधारामा आयोजित प्रदेश नम्बर १ स्तरीय महिला फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपको उपाधि जितेको छ ।

अर्जुनधारा-९स्थित नमूना खेल मैदानमा शुक्रबार सम्पन्न फाइनल खेलमा साविक विजेता कर्णसिंह सोनाम फुटबल क्लब ताप्लेजुङलाई २-१ गोल अन्तरमा पराजित गर्दै कनकाईले उपाधि जितेको हो ।

कनकाईको जितका लागि खेलको २८औं मिनेटमा लक्ष्मी श्रेष्ठ र ५९औँ मिनेटमा सरिता शेर्पाले गोल गरेका थिए । ताप्लेजुङको लागि खेलको ६९औं मिनेटमा पवित्रा लिम्बूले गोल गरेकी थिइन् ।

प्रतियोगिताको बिजेता र उपविजेता हुने टिमले क्रमशः नगद पुरस्कार एक लाख २५ हजार र ७५ हजारसहित शिल्ड, मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गरेका छन् । त्यसैगरी प्रतियोगिताको वुमन अफ द टुर्नामेन्ट कनकाईकी कुसुम खतिवडालाई १२ हजार, फाइनल खेलको वुमन अफ द म्याच कनकाईकी नेहा चौधरीलाई पाँच हजार र बेस्ट कोच कनकाईका सन्त रायमाझीलाई पाँच हजारसहित ट्रफी प्रदान गरिएको थियो ।

त्यस्तै बेस्ट फरवार्ड कनकाईकी लक्ष्मी श्रेष्ठ, बेस्ट मिडफिल्डर ताप्लेजुङकी सुनकला राई, बेस्ट डिफेन्स कनकाईकी सुस्मिता चौधरी र बेस्ट गोल किपर कनकाईकी जशोदा लावतीलाई जनही सात हजारसहित ट्रफी प्रदान गरियो । त्यस्तै प्रतियोगिताको फेयर प्ले पारिजात महिला फुटबल क्लब झापालाई नगद पुरस्कार १० हजारसहित ट्रफी प्रदान गरिएको थियो ।

प्रतियोगिताको बिजेता, उपविजेता र व्यक्तिगत विधातर्फका खेलाडीहरुलाई प्रमुख अतिथि प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राई, सामाजिक विकास राज्य मन्त्री जसमाया गजमेर, प्रदेश सांसद्त्रय अर्जुन राई, वृख प्रधान र हिरा थापा, बिर्तामोड नगर प्रमुख ध्रुव शिवाकोटी, अर्जुनधाराका वडाध्यक्षद्वय पुष्पप्रसाद प्रसाईं र बलदेवसिंह गोम्देन, आयोजक सुखानी शहीद स्मृति प्रतिष्ठानका अध्यक्ष देवराज घिमिरे, उपाध्यक्ष टंक भट्टराईलगायतले नगद तथा पुरस्कारहरु प्रदान गरेका थिए ।

प्रतिष्ठानका अध्यक्ष घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा स्वागत प्रदेश सांसद् एवम् प्रतिष्ठानका सदस्य वृख प्रधानले र सञ्चालन महासचिव हर्कराज राईले गरेका थिए ।

# लगानी सम्मेलनको तयारीमा प्रदेश नं. १

**बिराटनगर, फागुन ३०।** प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राई र नेपालका लागि युरोपेली संघका राजदूत भेरोनिका कोडीबीच शुक्रवार भेटवार्ता भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सो भेटवार्तामा राजदूत कोडीले बहुक्षेत्रीय पोषण कार्यक्रमबारे जानकारी गराएका थिए ।

उनले नेपालका लागि संघीयता अवसर भएको बताउँदै यसको व्यवस्थापन र कार्यान्वयनमा केही समय लाग्नु स्वभाविक भएको धारणा व्यक्त गरे । संघीयता कार्यान्वयन, कर्मचारी समायोजन लगायत विषयमा राजदूत कोडीले जिज्ञासा राखेका थिए । उनले प्रदेश सरकारले गरेका कामको प्रशंसा गर्नुका साथै डिजिटल प्रदेशको अवधारणा राम्रो रहेको बताए ।

सो अवसरमा मुख्यमन्त्री राईले नेपालले संघीयता पहिलोपटक अवलम्बन गरेको र मौलिकतामा आधारित रहेको बताउँदै शून्य संरचनाबाट शुरु भएर यो दुई वर्षमा महत्वपूर्ण आधार कानून निर्माण र आवश्यक संरचना तयार भएको बताए ।

प्रदेश तहमा जनशक्ति अभाव रहेको उल्लेख गर्दै उनले प्रदेश लोकसेवा आयोग गठन भएकाले समस्या चाँडै समाधान हुने बताए । मुख्यमन्त्री राईले प्रदेश सरकारले ल्याएको पञ्चवर्षीय आवधिक योजना, १० वर्षे सडक गुरुयोजना सार्वजनिक गरिसकेको बताउँदै साना सिञ्चाइ, शहरी विकास, पर्यटनको गुरुयोजना र 'चिफ मिनिस्टर ड्यास बोर्ड' को काम भइरहेको जानकारी दिए । रुपान्तरणकारी योजनाहरुको सूची बनाउँदै लगानी सम्मेलन गर्न प्रदेश सरकारले तयारी गरिरहेको पनि उनले जानकारी दिए ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले बालबालिका सम्बन्धी विधेयक प्रदेशसभामा पेश भएको बताउँदै उक्त विधेयकले बालबालिकाको अधिकार सुनिश्चित हुने बताए । प्रदेश योजना आयोगका उपाध्यक्ष सुबोधराज प्याकुरेलले प्रदेशको अवस्था र आवधिक योजनाबारे जानकारी गराएका थिए । भेटवार्तामा राजदूत कोडीसँग युनिसेफको नेपाल प्रतिनिधि इल्कबीचको पनि सहभागिता थियो ।

# 'बिकास निर्माणका काम देखिने समय आउँदैछ'

**झापा, फागुन ३०।** सरकारले गरेका विकास निर्माणका काम देखिने समय बल्ल आएको सांसदहरुले बताएका छन् ।

बिर्तामोडमा रिपोटर्स क्लवले आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै सासदहरुले यस्तो बताएका हुन् । झापा क्षेत्र नं.२ (क) का प्रदेशसभा सदस्य एकराज कार्कीले संघीयताको मूलमर्म भनेकै प्रदेश रहेको बताए ।

कार्यक्रममा बोल्दै सांसद कार्कीले विकास निर्माणका क्षेत्रमा गतसाल प्रत्येक निर्वाचन क्षेत्रमा १५/१६ करोड विनियोजन गरेका कारणले शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा ठूलो टेवा पुगेको धारणा राखे ।

अन्तरसम्वाद कार्यक्रममा प्रदेशसभाका अर्का सांसद गोपालचन्द्र बुढाथोकीले जनतामा चाँडै नतिजा खोज्ने, अपेक्षा रहने भएकाले नतिजा ढिलो आउँदा आक्रोशित हुने प्रवृत्ति बढ्दै गएको बताए ।

सांसद बुढाथोकीले विकास निर्माणका कामकारबाहीबाट हेर्न हो भने उपलब्धि ठ्याक्कै हात लाग्ने बेला भएको छैन, केही ठाउँमा हात लागिसकेको र कतैकतै कार्य सम्पादनको प्रक्रिया अघि बढ्दै गएको बताए । उनले प्रदेश सरकार विकास निर्माणका कार्यमा मात्र नभएर नीति नियमका दृष्टिकोणले पनि तीव्रताका साथ अघि बढेको जिकिर गरे ।

सो अवसरमा प्रदेशसभा सदस्य झलकसिंह दर्लामीले कृषि, पर्यटन तथा विकासका पूर्वाधारलाई मुख्य आधार बनाएर समृद्ध प्रदेश बनाउन आफूहरु अघि बढेको बताए । दर्लामीले प्रदेश सरकारले प्रदेशका मझौला विकास निर्माणका योजनाहरु जसलाई स्थानीय तहले गर्न सक्दैन र संघले समेट्न नसकेका पूर्वाधारलाई प्रदेश सरकारले हेर्ने गरेको र त्यस्ता क्षेत्रमा बजेट विनियोजन गर्ने गरेको बताए ।

त्यस्तै उनले प्रत्येक निर्वाचन क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेर स्वास्थ्य, कृषि, शिक्षालगायतका क्षेत्रमा तीव्रताका साथ कार्य गर्दै आएको दाबी गरे । अर्का सांसद अर्जुन राईले प्रदेश सरकार शून्यबाट शुरु भएर अहिले अस्तित्व कायम गर्ने क्रमबाट अघि बढेको बताए ।

राईले प्रदेश सरकारले ४३ वटा कानूनहरु पारित गर्नुका साथै लोकसेवा आयोगको गठन, प्रदेश योजनाको गठनलगायतका कार्यहरु समेत गरेको बताए ।

# लेखनाथ पुस्तकालयमा एकल कविता

**भद्रपुर, फागुन ३०।** भद्रपुरस्थित लेखनाथ पुस्तकालयले एकल कविता वाचन कार्यक्रम सम्पन्न गरेको छ ।

प्रत्येक महिनाको शुक्रवारे भेला गर्दै आइरहेको नियमित कार्यक्रम अनुसार लेखनाथ पुस्तकालयले यो महिना सुनसरी जिल्लाको इटहरी निवासी युवा कवि रामप्रसाद खरेलको एकल कविता वाचन कार्यक्रम आयोजना गरेको थियो । डाइनामिक ग्रुप भद्रपुरको सहकार्यमा भद्रपुर-१०को वडा कार्यालयमा आयोजित कार्यक्रममा कवि खरेलले एक दर्जन भन्दा बढी कविताहरु वाचन गरेका थिए ।

साहित्यकार कृष्ण अविरलले खरेलको जीवनीका बारेमा प्रकाश पारेको कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार चूडामणि रेग्मी थिए । कार्यक्रममा साहित्यकारहरु पुण्यप्रसाद खरेल, भवानी क्षेत्री लगायतले शुभकामना मन्तव्य राखेका थिए । त्यस अवसरमा देवीचरण भण्डारी लगायत विभिन्न साहित्यकारहरुले कविता लगायत आ-आफ्ना सृजनाहरु समेत प्रस्तुत गरेका थिए ।

पुस्तकालयका अध्यक्ष नवराज घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन खगेन्द्रा खुशी र स्वागत आरती पोखरेलले गरेका थिए । कार्यक्रममा झापा, इलाम र सुनसरी जिल्लाका साहित्यकारहरुको सहभागिता रहेको थियो ।

## श्रम ...

नभेटिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख चिकित्सक वाशुदेव पाण्डेले बीबीसीलाई बताए ।

उनका अनुसार नेपालमा हाल ६ जनालाई आइसोलेसन अर्थात् बिरामीका लागि छुट्टै कक्षको व्यवस्था गरेर राखिएको छ । तीमध्ये चार जनालाई टेकुस्थित अस्पतालमा र दुई जनालाई पाटन अस्पतालमा राखिएको छ ।

चिकित्सकहरूका अनुसार अस्पताल भर्ना भएकाहरू विदेशबाट नेपाल आएका हुन् । उनीहरूको आवश्यक परीक्षण शुरु गरी सकिएको छ । रिपोर्ट आउनासाथ उनीहरूमा संक्रमण रहे-नरहेको पुष्टि हुनेछ- पाण्डेले भने । हाल ती बिरामीहरूलाई एन्टी भाइरल औषधि दिएको बताइएको छ ।

अधिकारीहरूका अनुसार चिनियाँ विशेषज्ञहरूसँग पनि सहकार्य गरिराखिएको छ र आवश्यकता अनुसार 'कन्फरेन्स कल' को माध्यमबाट उनीहरूको अनुभव र त्यहाँ चलाइएको औषधि पनि नेपालमा प्रयोगमा ल्याउन सकिने अवस्था छ ।

यसबाहेक चीनबाट फर्किएका एकजना विद्यार्थीमा कोरोना भाइरसको आशंका गर्दै आइसोलेसनमा राखिएको धनगढीस्थित सेती प्रादेशिक अस्पतालका चिकित्सकहरूले जनाएका छन् । चीनमा अध्ययन गरिरहेका १९ बर्षीय पुरुषमा छाती दुख्ने, रुघा खोकी लाग्ने र ज्वरो देखापरेपछि उनलाई बिहीवार आइसोलेसनमा राखिएको डाक्टर जगदीश जोशीले जानकारी दिए ।

पछिल्लो १५ दिनमा हामीले अन्य तीन जनालाई आइसोलेसनमा राखिसकेका छौँ । सबैको रिपोर्ट सामान्य आएपछि घर पठाइसकिएको छ- जोशीले भने । हिजो भर्ना गरिएका बिरामीको पनि नमूना परीक्षणका लागि पठाइँदैछ । उनको अवस्थामा क्रमिक सुधार देखिन थालेको छ ।

पाण्डेका अनुसार नेपालमा कोरोनाभाइरसको परीक्षण टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिन्छ । त्यहाँको परीक्षणमा संक्रमण भएको पाइए थप परीक्षणका लागि हङकङ पठाइन्छ । संक्रमण नदेखिएकाहरूमध्ये करिब १० प्रतिशतको परीक्षणपछिको रिपोर्ट पनि हङकङ पठाउने गरिएको उनले बीबीसीलाई बताए । हामीले प्रत्येक १०० परीक्षणमा १० वटा परीक्षणको विवरण हङकङ पठाउने गरेका छौँ । त्यसले हामीलाई फरक-फरक तत्व वा कारकबारे थाहा दिन्छ- पाण्डेले भने ।

नेपालमा कोरोना भाइरसको प्रकोप नफैलिएको भए पनि चीन, इटली र इरान लगायतका देशको स्थिति नियालिरहेको र आवश्यक तयारी गर्दै गरेको चिकित्सकहरू बताउँछन् । सरकारी अनुमान अनुसार १०० जना बिरामी आएको स्थितिमा त्यसमा करिब ८० जति आफैँ निको हुने सम्भावना हुन्छ ।

बाँकी १० देखि १५ प्रतिशत अक्सिजन दिनुपर्ने स्थिति हुनसक्ने र पाँचदेखि ६ प्रतिशतलाई भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने हुन सक्ने बताइएको छ । पाण्डेका अनुसार हालसम्म काठमाडौंका विभिन्न अस्पतालमा १५५ वटा भेन्टिलेटरसहितका सघन उपचार कक्ष छन् ।

तर हाम्रो योजना विभिन्न अस्पतालमा छरेर राख्नुभन्दा पनि सङ्गठित रूपमा राख्ने हो । टेकु, पाटन र कीर्तिपुरस्थित आयुर्वेदिक रिसर्च एण्ड ट्रेनिङ सेन्टरमा राख्न सकिन्छ कि भन्ने हो- उनले थपे । त्यसबाहेक मुलुकका सातै प्रदेशमा मुख्य अस्पताल निर्क्यौल गर्ने काम पनि अघि बढाइएको छ । सरकारले विश्वभरि विस्तार भइरहेको कोरोना भाइरस संक्रमणको जोखिमलाई ध्यानमा राखेर नेपालले थप प्रतिबन्धहरू घोषणा गरेसँगै सबै किसिमका तयारी थप तीव्र बनाइएको अधिकारीहरू बताउँछन् ।

विश्व स्वास्थ्य सङ्गठनले कोरोन भाइरसको संक्रमणलाई महामारीको संज्ञा दिएसँगै नेपालमा सतर्कता बढाइएको अधिकारीहरूको भनाइ छ । बिहीवारराति लिइएको निर्णयमा संक्रमण रोकथाम र नियन्त्रणका लागि अति आवश्यक पर्ने औषधि, औजार तथा उपकरण लगायतका सामग्रीहरू सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिको प्रावधान अनुसार स्वास्थ्य मन्त्रालयले खरिद गर्ने उल्लेख गरिएको छ ।

यसले तीव्र गतिमा आवश्यक सामग्रीको खरिद गर्ने बाटो खुला गरिदिएको छ । हामीलाई अहिले थप भेन्टिलेटरहरूको आवश्यकता छ । त्यसबाहेक सघन उपचार कक्षमा चाहिने र व्यक्तिगत सुरक्षाका लागि चाहिने सामग्री खरिद गर्नुपर्ने अवस्था छ- पाण्डेले भने- नेपालमा धेरै कुरा उत्पादन नहुने हुँदा खरिद गर्नुपर्ने हुन्छ । पछिल्लो समयमा सरकारले जनचेतना बढाउनका लागि पनि पहल थालेको अधिकारीहरू बताउँछन् । करिब दुई साताअघि सरकारले कोरोना भाइरस र त्यसको उपचारका विषयमा धेरै सोधिने प्रश्नहरूको उत्तर सार्वजनिक गरेको थियो ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले तयार पारेको ती जवाफमा शंकास्पद बिरामीलाई आइसोलेसनमा राख्नुपर्ने हुँदा आवश्यक नमूना सम्बन्धित अस्पतालले संकलन गरेर प्रयोगशालामा पठाउने व्यवस्था गरेको उल्लेख गरिएको छ ।

प्रयोगशालाका अनुसार हाल नेपालमा कोरोन भाइरसको परीक्षण निःशुल्क गरिन्छ । तर, परीक्षणका लागि भने चिकित्सकको परामर्श आवश्यक पर्छ । उक्त परीक्षणको रिपोर्ट आउन २४देखि ४८ घण्टासम्म लाग्ने बताइएको छ ।

## उच्च ...

विहीवार मात्रै कोरोना भाइरसको आशंकामा दुई युक्रेनी नागरिकलाई अध्यागमन कार्यालय काँकरभिट्टालेफर्काएको थियो । भारतका सिक्किम, दार्जीलिङ लगायतका शहर भ्रमण गरी नेपाल प्रवेश गर्ने क्रममा युक्रेनी नागरिकमा समेत उच्च ज्वरो देखिएपछि भारत फर्काइएको थियो ।

यसैबीच विश्वभरी महामारीको रूपमा फैलिएको कोरोना भाइरस शुक्रबारसम्ममा एक लाख ३४ हजार ९०४ जना संक्रमित भएका छन् । यसबाट ४ हजार नौ सय ८४ जनाको मृत्यु भएको छ । कूल संक्रमितमध्ये ७० हजार तीन सय ९४ जनाको सफल उपचारपछि घर फर्किएका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरस सक्रमणबाट चीनमा सब भन्दा बढी मृतक र संक्रमितको संख्या रहेको छ । यद्यपि चीनमा हाल यस भाइरसको संक्रमण कम भएको समाचारमा जनाइएको छ ।

गत डिसेम्बरको अन्त्यबाट शुरु भएको यस भाइरस सङ्क्रमणबाट चीनमा ३ हजार एक सय २७ मृत्यु भएको छ भने ८१ हजारमा संक्रमण भएको छ । हालसम्म १२० भन्दा बढी देशमा यस भाइरसको संक्रमण फैलिएको बताइएको छ । अमेरिकामा यस भाइरसको संक्रमणबाट ४१ को मृत्यु भएको छ । फ्रान्समा ६१ को मृत्यु भएको छ । जापानमा १९ को मृत्यु भएको छ ।

पछिल्लो समय संक्रमण धेरै फैलिएको इटालीमा संक्रमितको संख्या १५ हजार ११३ पुगेको छ । इटालीमा हालसम्म १ हजार १६ जनाको मृत्यु भएको छ ।

इरानमा संक्रमितको संख्या १० हजार ७५ पुगेको छ । हालसम्म ४२९ जनाको मृत्यु भएको छ भने तीन हजार २७६ जना उपचार गराएर घर फर्किएका छन् । यसैगरी स्पेनमा संक्रमित हुनेको संख्या झण्डै तीन हजार पुगेको छ भने ८६ जनाको मृत्यु भएको छ ।

पोल्याण्ड र अल्जेरियामा एक-एकजनाको मृत्यु भएको छ । पोल्याण्डमा ५७ वर्षीया शिक्षिकाको मृत्यु भएको जनाइएको छ । पोल्याडका स्वास्थ्य अधिकारीकाहरुका अनुसार देशभरमा कूल संक्रमितको संख्या ४६ पुगेको छ । अल्जेरियामा भने २४ जनाभन्दाबढी बिरामी भएका छन् ।

पाकिस्तानमा कोरोना भाइरसबाट संक्रमितको संख्या २१ पुगेको छ । त्यहाँ इरानबाट आएका करिब चार हजार जनालाई क्वारेन्टाइनमा राखिएको छ ।

कोरोनाकै कारण भारतको जम्मु र काश्मिर क्षेत्रका विद्यालयहरु बन्द गरिएको छ । यही मार्च ३१सम्मका लागि विद्यालय बन्दको घोषणा गरिएको हो । भारतका अन्य केही प्रदेशमा पनि विद्यालय बन्द गरिएको छ ।

सिङ्गापुर र मलेशियामा बिहीबार थप नौ-नौ व्यक्तिमा संक्रमण पुष्टि भएसँगै यहाँ कोरोना भाइरसको संक्रमणबाट विरामी हुनेको संख्या क्रमशः १८७ र १५८ पुगेको दुबै देशका अधिकारीहरूले बताएका छन् ।


**कर्मचारी तु-आवश्यकता**

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

**कर्मचारी आवश्यकता**

१) सहकारी संस्थाको बजार प्रतिनिधिः ५ जना (एसएलसी पास)
२) एकाउन्टेन्टः २ जना (+२ वा सोभन्दा माथि)
३) सब ओभरसियरः १ (एक बर्ष अनुभव भएको Auto Cad चलाउन जान्ने)
४) ओभरसियरः १ जना
५) बेल्डर : १ जना
६) हेल्परः १ जना
७) सेल्समेनः २ पुरुष (१ बर्ष अनुभव भएको)
८) सेक्युरिटी गार्डः २० जना महिला/पुरुष (दुबै सामान्य लेखपढ)

तलबः कम्पनीको नियम अनुसार अन्तरवार्ताः २०७६ चैत ६ गते विहीवार

**विराट गोर्खा सेक्यूरिटी एण्ड सप्लायर्स कम्पनी**

बिर्तामोड-५, कृषिथोक रोड

मो. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३-५४४८३४

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

**पसल विक्रीमा**

बिर्तामोडको शितल मार्केटमा चालू अवस्थाको पूर्व दक्षिण डबल सटर भएको न्यू पाथीभरा भेराइटिज कोल्ड सेन्टर विक्रीमा रहेकोले लिन चाहने इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

मो. ९८४२६३४०८१
९८१५९५९१७५

**श्री महिला चेतना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
अर्जुनधारा-७, झापाको

**कोटेशन आव्हान सम्बन्धी सूचना**

प्रथमपटक प्रकाशितः २०७६।१२।०१

यस संस्थाले १५ वटा ४ हर्ष पावरको मोटर खरिद गर्नुपर्ने भएकाले पान नम्बर भएका इच्छुक फर्म वा पसलहरुले १५ दिनभित्रमा शिलबन्दी कोटेशन पेश गर्नुहोला । म्याद नाघि आएको कोटेशन मान्य हुने छैन ।

निलाकुमारी दाहालः अध्यक्ष

सम्पर्कः ९८४२७०२२६६, ९८४२६९९९९५, ०२३-४६५४६३


इन्दै बिल्ती गरुन् भुर्वेर पढ्ना त्यो बिल्ती माल्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

**भावपूर्ण श्रद्धाञ्जलि**



जन्म
२०५५।०५।२२
सिराहा

निधन
२०७६।११।२८
मेचीनगर-६

**स्व. उद्धवबहादुर भट्ट क्षेत्री**

मेरा/हाम्रा प्रातःस्मरणीय श्रीमान्/ देवर/बुबा/काका/हजुरबुबा **उद्धवबहादुर भट्ट क्षेत्री**को २०७६ फागुन २८ गते बुधवारका दिन असामयिक निधन भएकोले हामी अत्यन्त दुःखी एवम् मर्माहत भएका छौं ।

वियोगको यस पीडादायी क्षणमा उहाँको आत्माले बैकुण्ठमा बास पाओस् भनी गतात्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**श्रीमतीः** कर्णमाया भट्ट क्षेत्री
**छोरा/बुहारीः** शंकर-पूजा भट्ट क्षेत्री
" अनिल-प्रवीना भट्ट क्षेत्री
**छोरी/ज्वाईंः** कला-ध्रुव राई
" कल्पना-मनोज खड्का
**भाउजूः** तारादेवी भट्ट क्षेत्री
**भतिजः** सुमन भट्ट क्षेत्री
**नातिनीहरुः** दिव्या, अथिति, उपासना, अनुश्री
**नातिः** अनसुमन

एवम् **समस्त भट्ट क्षेत्री परिवार**

मेनपा-६, काँकरभिट्टा, प्रगतिटोल, झापा


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो म्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता

## बेमेल सम्बन्ध

दैव ! मलाई ज्यूँदै मारिस्, मेरो चेतना मर्छ कि के
मान्छेहरू हो लौन बचाओ भित्री मान्छे नमरोस् ए
हे मेरा मान्छेहरू हो नुनिला ताता मेरा आँशु बगे
मुटुमा रगतै सुक्न गएको ढाचा मेरो थामन हे ।

पथमा कोही देखिन मैले हल्ला त्यस्तो सुनिन पनि
पर्शुराम भैँ आमालाई मार्ने छोरो हुन्न म नि
श्रवणकुमार भैँ पितृभक्त भई बाँच्ने मेरो लक्ष्य थियो ।
आमालाई बेच्ने बाको रोहित छोरो हुन्न म यो ।

बा–आमा हुन् वर–पिपल भैँ यदि म उनैको पुत्र भए
मंगलमय र आनन्दीको जीवन ल्याउन खोज्दछु ए
लो मंगल यस्तो घडीमा कसरी जिद्धी र क्रोध उठ्यो
कि अब हत्या यो घरमा चाहिँ दुनियाँ डस्ने सर्प पस्यो ।

यात्रा यसरी अमंगल पार्दा मंगलमय नै हुन्छ कहाँ
घरका बाहिर आँगन थे रक्त रञ्जित साइतमा
जन्मसिद्ध नै साकाहार, प्रभु भक्ति भई माइतमा
शान्ति आनन्दमा रहेका भोलि विभत्स हत्या भो घरमा

साकाहारी मांसाहारीको मेल किन हुन्थ्यो एक घरमा
खुशी छिनेर दुःखी बनेर, बस्नु पर्‍यो लौ बेकारमा
पुरूष भए त्यो साकाहारी, मांसाहारी हेर्थ्यो किन
राम्री अनि लक्षण कि होस् साकार भा जान्थ्यो लिन ।

**– जयनारायण अधिकारी**
**अर्जुनधारा, झापा**

## गजल

यो दशैंमा घर आमा आउने धोको छ
तिम्रै हातको टिका आमा लाउने धोको छ

साथीसंगी जम्मा भई भन्ज्याङको चौतारीमा
मलामीको गीत आमा गाउने धोको छ

अलिअलि कमाएको पैसा पनि जम्मा भा'छ
टिन किनेर घरलाई आमा छाउने धोको छ

बडादशैं घर आगन सिगार्न नि बाँकी होला
कमेरो र माटो आमा लाउने धोको छ ।

**– विवेक पाठक**
**त्रि चन्द्र कलेज**

# अब गौंथलीको बाऊले पनि पत्रिका 'उठाउने' अरे !



हाँस्य-व्यंग्य

**व्यंग्यनारान पाँडे**

रेडियो सुन्दासुन्दै सधैँ भैँ अल्सी लाग्यो– उनै कम्पनीयछाप लेबलवाला प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि, उद्‌धोषक-उनै स्वागतकर्ता, उनै भाषणकर्ता, उनै धन्यवाददेताका नाम-नामेसी कति सुन्नु ? वाक्क ! तिनै नाम र पदको बखानले समाचारको पचास प्रतिशत समय चट् हुन्छ, बाँकी पचास प्रतिशत समय विज्ञापनमा चट् । फेरि हिजोआज व्यापारिक पुराण-पारायणको सिजनले त समाचारको समयलाई झन हलाहल गरिराखेकै छ ! सबैजसो सरकारी-गैरसरकारी र केही साहित्यिक, सांस्कृतिक, खेलकूद सम्बन्धी संस्थाहरु समेत प्राइभेट लिमिटेड जस्तै भइसकेकाले सोभित्रका उनै-उनैका नाम सुन्न परेर कानमा नाक लागिसकेको अवस्था छ ! र, 'हैट, के सुन्नु बित्थामा' भन्दै रेडियो पिटिक्क मारेर लोकल पत्रिकाहरु आइपुग्ने प्रतीक्षामा थिएँ म– गौंथलीको बाऊ पो आँगनमा आइपुगे । के भो त ? उनलाई पनि मैले एक किसिमको समाचार बखान्ने 'जिउँदो पत्रिका' जस्तै मान्नु परेकै थियो क्यारे !

उनले बरण्डामा उक्लिँदाउक्लिदा एकै सासमा भने– "मैले पनि एउडा पत्रिका उठाउने इस्टमेट गरें हए पाँडे भाइ, म पनि अब अर्गज पत्रकार गर्ने ब्याक्तित्तोमा टाँचलेट हुने इस्टमेटमा पुगें । आफू सन्पादक भ'र पत्रिका उठाएसि मात्तै समाजका बेपारी-तस्कर-ब्लेक्या साहेपहेरु, उद्दोगपति-साउ-सामान्त मालिकहेरु, सर्खारीमद्दे मज्जासँगले गाँज्जिएका-मोटा'र समढन्न मनुख्खे-देखुन् सेटिङ-सिन्डिकेट खेल्न खप्पिस दादा-लइन छोकडा-आटपरिया पानीगुण्डाह्रले सिधा-भिच्छा अउटोम्याटिक भर्दा राँन् । तेति भइसकेसि के खान दुख्ख गरेर पोके-झोले ब्ल्येक्या-ब्ल्येक्नी तर्साएर झारिखाने पत्रकार गरिराख्न नै परो र होइन ? तेसो गरेर कैल्यै पत्रकार गर्नेको अर्गज भइँच त ? च्याट्टसँगले सम्पादकको पत्रकार गर्ने धनी-पुर्जोमा आफ्नो नाम उठा'र चाइनेकेरे एउडो पत्रिका उठाउन थालेसि गफ निफन्दै, सिधान्त छिन्किँदै र भक्कु धक्कु लाउँदै कार्रेकर्‌म-कार्रेकर्‌महर्‌मा लोफरचक्करमा झिम्किँदै हिँडेसि दुख्खकस्ट भागो रे भाग । स्वाद त तेस्मा पो रछ त । स्वाद मात्तै भन्छौ ? मेरी आमइँइँइँ नि, स्याट्टसँगले पत्रकार गर्नेहर्‌को अर्गज, तुरन्ताको तु-सेस्सिमा !"

मैले सोधें– "पत्रिका उठाउने भन्या चाहिँ के नि दाइ ?"

उनले भने– "पुलिस्केप कागतभन्दा टेबल-चौबल ठूलो कागतमा ताँतैतात अछेर र फोटा छापा गरेर समचारको न्यूचहेरु, सन्पादक्कीए, ठट्टा र माइलोको किस्सा, गिलित्त पाकेको रास्सीफलको इस्टोरी, फेसुकका टुक्रा, इन्टरन्याटको डाउनलोठहेरु छताछुल्ला छ्याप्पै भर्नुलाई सट्‌कट्‌मा पत्रिका उठाउनु भन्दैन त अनि ? जैलुसुकै लङकट् भनिहिन्न काँ भ्याइन्छ त हओ अन्तखेरी ! तेती ट्यामा त एउडा पोरगाममा छ्यास्स मुख देखा'र ख्यास्स खाम बुद्‌नतिर गइहालिन्छ बरु । निम्तो कुरा गरिरने फुर्सुत हुने त कुरै नट् नि, होइन्त ?"

उनले हाँक्ने कुरातिर लाग्यो भने राँचीको टिकट काटिराख्ता फरक पर्दैन भन्ने मेरा अनुभवहरुले भनिरहेका थिए र मैले उनले भन्ने गरे भैं 'लङकट'-तिर जानबाट कुरो 'सट्‌कट'तिर मोड्‌दै सोधें– "पत्रिकाको नाम चाहिँ के जुराउनुभएको छ नि दाइ ?"

उनले आफ्‌ना दुबै हत्‌केला आफूतिर फर्काए र औंलाहरु बङ्ग्याएर काला-पहेंला मयल जमेका गोहीका नङ्ग्रा जस्ता नङ हेर्दै, एउटा नङले अर्को कोट्‌याउँदै अनि तिनै नङ्गमध्ये भाँचिन लागेकालाई दाँतले टोकेर छिनाउँदै दुई-चार पटक थु-थु गरेपछि भने–"मैले उठाउन लाग्या पत्रिकाका पर्मु क काननूअइनूका सल्लाहकारमा हाम्रै कम्रेट हरिराम पुरेत बाजेलाई उनीबड अल्कति दस्तुर लिएसि भर्ति गरिरछु । उनले कम्रेट कान्छा साउका रानीतिक जोतिसीलाई हेरा'र पत्रिकाको सुबनाम चइँ 'अगुल्टो' राख्नु भन्ने सल्ला देका देकै छन् । मलाई तो नाम उत्ति टेसिलो लागेन र हिजो राती कैलुको भट्टी हुटेलमा भको सीर्‌स डिस्केसको दुम्रो चरनमा मैले पस्ताउ राख्तै–'होइन हउ उक्किल जान्ने हरिराम बाजे, पत्रिकाको नाम जाँतो, ठाडो मुडकी अथैबा लौरो राखुम् हओ' मात्तै भन्याथैँ 'तपइँ किन जान्ने हुन्छौ ? मैले सल्लाहकार बन्न लाग्ने दस्तुर बापत एइ भट्टीको दुई छाक गलगिद्द ख्वाको खर्च धुर्ता गर । म तपइँको उक्किल्ली सल्लाहकार एत्रो पनि बस्तिन' भन्न पाखुरा सुर्किंदै झन्नै झडप खेले । मैले छेमा मागेर उनको सो-उक्त भट्टीमा रन्केका भालू झ्वाँकबड आफ्‌लाई बल्ल बँचाएँ । र, भट्टीबड घरतिर घुर्दा सल्लाकार कम्रेट हरिराम पुरेत बाटामा एछिन् सुतेर उठेसि सपनामा नारान भग्वान रामदेउबड 'तो पत्रिकाको नाम चिर्पट राख्नु' भन्ने आग्याँ भो भन्थे । एसरी हिसाप गर्दा 'अगुल्टो', 'जाँतो', 'ठाडे मुड्‌की', 'लौरो' र 'चिर्पट' पान्टा नाम जुरिरछ । अब कुनै एउडा राख्छम् कि आज एउडा-भोलि एउडा गर्दै पालैपालो राख्छम् कोनि । अैले हामेरका पर्दानमन्त्री बेरामीमा होइबक्सिनु भइबक्सिएको हुँदाखेरि हामेरको दिमाख मुडफको छुट्टीमा छ र पर्दानमन्त्री असपतालाड घुरिबक्सिनु भइबक्सेसि सो-उक्त मुडफको छुट्टी फिनिसिन्छ अनि के गर्ने भन्ने डिसाइट हुन्छ ।"....

उनी भन्दै गए– "हामेरको बौमतको नेपकाको सर्खार भन्या हामेरको निजा नेपकाको सर्खार हो, थोडै यो नेपालको सर्खार नेपाल सर्खार हो र जे पा'तेइ आलोचाना-बासीचाना गर्न फिरी गर्नु त हामेरले ? कम्ता रीस उठ्‌तैन साला, तेस्यामालानेहेरुसित ! अब हेर्लाऊ नि– मैले उठाको पत्रिकाको नाम 'अगुल्टो' भयो भने ती आलोचाने-बासीचानेका मुख-मुखाँ झोसिन्छ । जेदि नाम 'जाँतो' भयो भने चानस पाउनासाथ मकै पिँधे भैं पिँधिन्छ क्या– उइले चाइनाको त्यानमीन चोकमा डोजरले मान्छे पिँधेको हिस्टोरी जइसो । जेदि 'ठाडे मुड्‌की' नाम भयो भने मुखमा लादीको गन्द गनाउने गरी ठाडा मुड्‌कीले ढुक्ढुक्याउन झन इजिलो हामेरलाई– आखिर मुड्‌की उज्या'र चाइनेकेरे अइबादन गर्ने जातकै हम हामेरु केरे । जेदी 'लौरो' नाम राखियो भने झन बिरोदी-बिरोदीको बाटो-गउँडो कुरेर तिघ्रा र पिँडुलामा सुम्ल्याउने टेरनिङ पाकाहर्‌लाई ठोक्न लाउने समचारको न्यूच लेख्न झन मज्जा । र, जेदि पत्रिकाको नाम 'चिर्पट' राखियो भने सर्खारका कुरालाई शेर्बादुर देउपा स्टायलमा टिमुर्क्याएर बोल्ने जति जम्मैका नाकबड भल्भली रगत पग्रिने गरी टाउकामा बजाउने खाल्के समचारको न्यूच ठ्यास्न कम्ता सइलो हुन्छ ? इनै लच्छे र भभिषेक सोचेरै मैले पत्रिका उठाउने इस्टमेट गर्‌या हूँ ।"

मैले नचाहँदा-नचाहँदै पनि केही त नबोली भएन र प्रश्न राखें– "पत्रिकाको टीममा अरु चाहिँ को-को छन् दाइ ?"

उनले उपरखुट्टीमा खुट्टो बदल्दै भने– "टीममा ककल्लाई भर्ति गर्ने भन्ने अस्ति पानी परेका दिन ओछेनमा गुट्‌मुट्टेर बसेर रामदुलारी र मैले टोट्टल फिस् गरिसक्या छम । अदच्चे, उप, मार्पबन्दक, कोसादच्चे ससन्पादक, जन्सपर्क, पर्तिनिदि टोट्टललिङमा याँदेखुन् आछाम-मनिपुर, बेहारको इन्ड्या, भोटाङसम्मका आफन्ता र हिमखिमका अओल-टोट्टललाई अँटाका छम् ।"

मैले फेरि सोधें– "कुन-कुन पदमा को-को छन् ?"

उनले भने– "रामदुलारी अैले दर्भङ्गको इन्ड्या बस्ने उस्का हजुर्बा-हजुरआमा र मउसा-मउसीलाई लेराउन अपरझट उता गइरचे, ऊ आएसि उसैले पद-पोस्‌को भाग लाउने एग्रिमेन भइरच ।"

मैले बित्थामा प्रश्न गरें– "के अपरझट काम परेछ ।"

उनले भने– "अस्ति सउँबार सर्खारी अड्‌डाका कोनि कोसित सिल्गडी टुरमा गइरथी । दुई दिन-दुई रातको टुरिङपछि आई र न्वाइध्वाइ गरेसि उँधेरलाई लेराउन ग'की । उँधेरु उइले उँधेरको आद्‌मी याँको नर्पालिकाँ हकवाला हुँदा नेपाली नागरिक बन्या रछन् र ती सप्पैको उमेर सत्तरी नाघ्‌या हुँदा तिनलाई ती टुरिङमा लग्ने अड्‌डाका कम्रेटले एस्सै फागुनबड बिर्द भत्ता दिलाउने ट्‌याउटिस मिलाउँछु भनेछन् र लेराउन गकी । ती हजुर्बा-हजुरआमा नेपालतिर कैल्यै पाइलै हाल्या छैनन्, बाटै देख्तैनन् पनि भन्थी । र, उँधेरु पनि बिर्द भत्ता नथापुन्जथेल मेरै पाउना हुन्छन् । तर, ग्याम-ग्याम बा-बार हज्जार पाउँछन् । अल्कति दुई नम्बर गरेर बाँड्‌ने मतो पनि भइरच रामदुलारीसित गोप्पेमा ।"....

मैले चल्नी समातेर गिजोलिएको गिदी थामे । अरु त के गर्नु त ?....

कृति समिक्षा

# सुवेदीको 'रूपान्तरण' र अधिकारीको 'मनका तरङ्गहरू'




**भूवन तामाङ**

नेपाली महाकाव्यको भण्डारमा अर्को एउटा गहन महाकाव्य थपिएको छ । कन्काई नगरपालिका वडा नं. ३ सुरुङ्गा झापाका महाकाव्यकार ज्ञानराज सुवेदीको 'रुपान्तरण' महाकाव्य पाठक समक्ष आएको छ ।

'साहित्यकार भनेको भाषिक कलाकार हो । सफल कलाकारका लागि गहिरो समाजबोध र सौन्दर्यबोधको आवश्यकता पर्दछ । जीवनबोध र समाजबोधबाट उत्पन्न अनुभूतिलाई सौन्दर्यपरक वा कलात्मक रुपमा प्रस्तुत गर्नु कला सृजना गर्नु हो भने कला सृजना अन्तर्गत साहित्य पर्दछ । साहित्यको बृहदाख्यात्मक पद्य विधा महाकाव्य हो । समाजमा घटेका, घटिरहेका र घट्न सक्ने घटनाक्रमको विषयवस्तु तथा कल्पनाको मिश्रण गरी पद्य भाषा, उचित संवाद, रोचक, काव्यात्मक शैली, कथनपद्धति तथा सन्देशको उपयुक्त संयोजनबाट महाकाव्य बन्दछ । प्रख्यात र उत्पाद्य कथा वस्तुमध्ये उत्पाद्य सामाजिक वस्तुमा आधारित यस महाकाव्यले समाज तथा राजनीतिमा देखिएका विकृतिलाई औँल्याउँदै जनचेतना जगाउने काम गरेको छ ।' प्रकाशकको तर्फबाट जीवननाथ सुवेदीको भाव कृतिमा व्यक्त भएका छन् ।

यस महाकाव्य उच्च विशेषता र गहनताले भरिएको विचार राजेन्द्र सुवेदीको भूमिकामा व्यक्त भएका छन्- 'नेपाली महाकाव्यको परम्परामा सामाजिक तथा सांस्कृतिक संवेदनाका सन्दर्भलाई विषयको तहमा संयोजन गरिएको प्रस्तुत कृति नेपाली काव्य भण्डारमा थपिन आएको छ । प्रमुख चरित्रको रुपमा वीरे अर्थात् वीरबहादुर नायकका रुपमा स्थापित बनेको छ । विशेषतः नेपालको पछिल्लो चरणको सामाजिक तथा राजनीतिक पर्यावरणले ल्याएका विसंगतिहरु नै यस महाकाव्यका निम्ति उपकरण बनेर आएका छन् । समाज रुपान्तरण, समाजलाई नयाँ दिशानिर्देश गर्ने प्रयत्न नै प्रस्तुत महाकाव्यको विशेषता हो । पिङगलको अनुशासनमा रहेर सृजना गरिएका वर्णमात्रिक छन्दका दर्जनभन्दा बढी छन्दहरु यसमा प्रयोग भएका छन् ।'

'महाकाव्यमा जनगुनासाहरुलाई समेटी, पर्यावरणीय सौन्दर्य प्रस्तुत गरी, काव्यलाई दार्शनिक र मार्गनिर्देशक पनि बनाउन प्रयास गरिएको छ । यस महाकाव्यमा लोकतन्त्र र गणतन्त्रपछि आएका विकृतिहरुलाई मुलुकबाट कसरी हटाउन सकिन्छ ? र, लोकतन्त्रमा सरकारको




भूमिका, काम र कर्तव्य के हो ? भन्ने कुरा नै मुख्य विषय बनेको छ । नेपाली जनजीवनसँग प्रत्यक्ष सरोकार रहेका विषयमा लेखिएको यस काव्यले समसामयिक विषयवस्तुलाई अँगाल्ने प्रयास गरेको छ । मुठीभर नेताहरुले नै लोकतन्त्रको खिल्ली उडाइरहेका र नेपालीहरुको स्वाभिमानमा आँच आउने काम गरिरहेका हुँदा देशमा परिवर्तनको खाँचोदेखि यस काव्यमा परिवर्तन देखाई नमूनाका रुपमा प्रस्तुत गरेको छु । जनतालाई बुझाउन सकियो भने यही धर्ती रामराज्यमा परिणत नहोला भन्न सकिन्न । बुद्धको देश होइन, बुद्धकै देश बनाउनुपर्दछ । वीर नेपालीको देश बनाउनुपर्दछ भन्ने मेरो धारणा हो ।' महाकाव्यकारको विचार पुस्तकमा व्यक्त भएका छन् ।


नेपाली विषयमा एम.ए. गरेका र ३८ वर्षसम्म शिक्षाको उज्यालो छरेर हाल सेवानिवृत्त रही साहित्य सिर्जनामा समर्पित स्रष्टा सुवेदीका यसअघि लघु, खण्ड काव्यहरु र कविता सग्रह समेत करिब दर्जन कृति प्रकाशित भइसकेका छन् । दर्जनौं पुरस्कार तथा सम्मानबाट सम्मानित स्रष्टा सुवेदीको महाकाव्यमा नेपालको राजनीतिमा मित्थ्या भ्रम विद्यमान भएको र त्यसकै आधारमा युगौंदेखि ठगिँदै आएका नेपालीहरुका अधिकारहरु स्थापनाका निम्ति गरिने संघर्षको केन्द्रमा पात्र (नायक) वीरबहादुरलाई देखाइएको छ । वीरेको परिवृत्तमा वीरभावनाका विषयहरु केन्द्रित भएको प्रस्तुत कृति महाकाव्यात्मक संवेग लिएर पाठक समक्ष उभिएको पाइन्छ । कृतिभित्रको नवौं सर्गको एक अंश पढौं, 'मरन्च्याँसे नेता क्रमसँग भकुल्ले हुन गयो, सुकेको छाला त्यो उदर सजिलै मोटिन गयो । घुस्याहा त्यो नेता कति सहज भई हल्हल गरी, बढेको देखेका जनहरु सबै क्रोधित बनी ।' यस्तै-यस्तै गहन काव्यहरुले भरिएको कृति पढ्न बसेपछि पढिनसकि छाड्न सकिन्न । कन्काई प्रतिभा प्रतिष्ठान सुरुङ्गा झापाले २०७४ मंसिरमा प्रकाशन गरेको उच्चकोटीको यस महाकाव्य अध्ययनले अवश्य पनि पाठकवर्गमा उच्चकोटी कै चेतना, मार्गदर्शन भर्दछ ।

### मीना अधिकारी तिम्सिनाको कविता सङ्ग्रह 'मनका तरङ्गहरु'

नेपाली साहित्यको तारापुञ्जमा अर्को एउटा तारारुपी कविता सङ्ग्रह थपिएको छ । बिर्तामोड नगरपालिका-४ परोपकार टोल, झापा निवासी 'मीना अधिकारी (तिम्सिना)'को नयाँ कविता कृति 'मनका तरङ्गहरु' भर्खरै चम्किलो तारा भएर उदाएको हो । यस कृति किन पनि महत्वपूर्ण छ भने यो कृति भोजपुर दिङ्लाका 'संस्कृत भाषासेवी आवाल ब्रह्माचारी बालागुरु षडानन्द'की जनातिनीको सिर्जना हो । यस कृतिमा स्रष्टा मीनाद्वारा जीवनमा अनुभूत गरिएका, भोगिएका सुख-दुःखहरु कविताका रुपमा समेटिएर आएका छन् । कविको आत्मालाप, जीवनको उतावचढाव, भोगाई, कवि बाँचेको परिवेश, प्रवृत्ति प्रतिविम्वित भएका छन् । अनि कविताहरुमा देशप्रेम, नारी शक्तिको वर्णन, संस्कार, रीतिथिति, संस्कृतिप्रतिको आस्था, जन्मस्थानप्रतिको माया उत्तिकै पाइन्छन् । साथसाथै सामाजिक विचलनप्रतिको चिन्ता र सामाजिक विकासका चेतना कृतिभित्रका कविताहरुमा प्रतिविम्वित भएका पाइन्छन् । स्रष्टा मिनाको कविताले, लोग्नेका कारणले, समाजको पिछडिएको अवस्थाको कारणले, नारकीय, एक्लो र उदासीन जिन्दगी बाँच्दै आँशुले सिरानी भिजाउन विवश नारीहरुको व्यथा कहन्छन् । त्यस्तै गरी कविताहरुले समाजमा, देशमा, अनि विश्वकै समस्या उत्खनन् गर्दै त्यसको निराकरण गर्न जागरण ल्याउन आह्वान गर्दछन् ।

कविताहरुमा विषयको विविधता प्रचुर रुपमा पाइन्छ । स्रष्टा स्वयम्ले सामाजिक समस्या भोगकाले पनि होला कविताहरु साँच्चै सम्प्रेषणीय छन् । कविताहरु सरल र शील्पयुक्त छन् । कविताहरुमा समाज सुधारका उत्कट चाहना, अभिलाषा र आव्हान पाइन्छन् । थुप्रै सम्मानहरुले सम्मानित कृतिकार मीनाले भारतको दर्जनौ आध्यात्मिक केन्द्र र नेपालको सबैजसो जिल्ला भ्रमण गरिसकेकाले मानिसका दुःख, सुखबारे गहनरुपमा जानकारी हासिल भएको छ । सादा जीवन मन पराउने, नौलो विषयसँग साक्षात्कार गर्न र त्यसलाई मुर्तरुप दिन अलिकति पनि नहिच्किचाइकन अगाडि बढ्न रुचाउने र गरेरै छाड्ने प्रतिभा नै स्रष्टाको मीनाको परिचय पाइन्छ । 'उत्पीडन' शीर्षकको कविताको एक अंश पढौं, 'मनका ती कुण्ठालाई छुपाएर राख्दा, जीवन यो सुक्ने रैछ कुण्ठाभित्र साँच्दा, हिम्मत र साहसमा हाँस्न सिकौं नारी, जस्ता अड्चन आए पनि विराट छाती पारी ।' प्रस्तुत कृति यस्तै गहन कविताहरुले सजिएका छन् ।

स्रष्टा मीनाका यसअघि प्रकाशित 'सम्झनाका शृङ्खलाहरु' नामक संस्मरण संग्रहका संस्मरणात्मक निबन्धहरु पढ्दा समेत स्रष्टा मीनाको जीवन धेरै उतावचढावमा बितेको, उनलाई अभावै-अभावले लखेटेको पाइन्छ । धेरै सपनाहरु साँचेर वि.सं. २०३२ सालतिर पहाडबाट तराईमा झरेको परिवारमाथि दुःखका पहाड ठडिएको, बसाई सरिरहनुपर्नाले घरव्यबहार अव्यवस्थित हुँदा झन्झट र कष्टले गाँजेको, पलपल दुःखैमा जीवन बिताउनु परेको, पेटपाल्नका लागि पापड



बेलेको, घरव्यबहार र बालबच्चाको लालनपालन, शिक्षादिक्षा आदिको बोझले जीवन कहालीलाग्दो भएको देखिन्छ । शुद्ध ब्राह्मण परम्परा, संस्कार अपनाउनु पर्ने बाध्यताहरुले पनि प्रताडित जीवनका पीडाहरु संस्मरणहरुमा प्रतिविम्वित भएका पाइन्छन् । नेपालकै महान व्यक्तित्व संस्कृत भाषा पाठशालाका प्रणेता 'आवाल ब्रह्माचारी षडानन्द'की जनातिनीले पनि यतिविधी दुःखका बीच बाँच्न बाध्य हुनुपर्छ र ? भन्ने प्रश्न उब्जन्छ ।

अभिभावकले बिहे गर्ने उमेर भयो भनेर बिहे गर्दिएकाले बेलैमा पढ्न नपाएको तरपनि १६ वर्षको उमेरबाटमात्र पढ्न शुरु गरेर एसएलसीसम्मको शिक्षा हासिल गरेर यत्तिका गहकिला कृतिहरु सिर्जना गर्नुले स्रष्टा मीनामा साहित्य सिर्जना गर्ने उच्च क्षमता रहेको देखिन्छ । छन्दका समेत गरेर उनान्पचास वटा छोटा-छोटा कविताहरुले भरिएको, राधादेवी 'पद्‌मा'द्वारा प्रकाशित स्रष्टा मीना अधिकारी तिम्सिनाको सुन्दर कृतिमा विशेषतः नेपाली नारीहरुले भोग्नुपर्ने दुःखकष्टहरुको यथार्थता असरल्लै भएर पोखिएका छन् । साहित्यकार कुन्ता शर्माद्वारा गहन भूमिका लेखिएको यस कृतिमा कृतिकारद्वारा अग्रज प्रतिभा तथा स्रष्टाहरुलाई उच्च सम्मान समेत जनाइएको छ ।

# रजत महोत्सवको गौरवमय क्षण



**रत्नबहादुर बस्नेत**

गत फागुन १८ गते बिर्तामोडको अतिथि सदनमा सम्पन्न एक विशेष कार्यक्रम संस्मरणीय दिनका रुपमा रह्यो । २५ वर्षअघि झापाको बिर्तामोडबाट प्रकाशन आरम्भ भएको नेपालको पूर्व क्षेत्र कै सर्वाधिक लोकप्रिय दैनिक पत्रिकाको रुपमा रहेको पूर्वाञ्चल दैनिकको रजत महोत्सव समारोह भव्यताका साथ सम्पन्न भएको थियो । व्यक्तिको जीवनयापनका क्रममा होस् वा कुनै संघ-संस्थाले व्यतित गरेको निश्चित समयावधि तथा अवस्थाको विशिष्ट महत्व रहने गर्दछ । यस अवसरमा अनेक नाममा (जन्मदिन, वार्षिक उत्सव आदि) भिन्न काम गरिन्छ । त्यस्तै कुनै पनि संघ-संस्थाले आफ्नो स्थापनाकालको २५ वर्षमा प्रवेश गरेको शुभ अवसरमा मनाइने विशेष उत्सव नै रजत महोत्सवको रुपमा चिनिन्छ । त्यस्तै ५० वर्षमा स्वर्ण महोत्सव र १०० वर्षमा हिरक जयन्तीको रुपमा मान्ने/मनाउने प्रचलन रहेको पाइन्छ । जसलाई मान्छेको आयु र अवस्थासँग तुलना गरेर हेर्ने हो भने पनि २५ वर्षे समयावधिको कति महत्व रहन्छ भन्ने स्पष्ट हुन्छ ।

पूर्वीय दर्शनशास्त्र अनुसार वर्णाश्रम व्यवस्था (ब्रह्मचार्य आदि चार आश्रममध्ये) अन्तर्गत शुरुको २५ वर्षको आयु वा अवधि सर्वाधिक महत्वपूर्ण मानिन्छ । जसलाई ब्रह्मचार्य आश्रमको रुपमा लिइन्छ । जसमा ब्रह्मचार्य धर्मको पालना विशेष नियम र आचारमा रहेर गरेर विद्याध्यायनको कार्य गरिन्छ केवल जीवनयापनका लागि आवश्यक सासांरिक शिक्षा आर्जनमा सम्पूर्ण ध्यान-शक्ति केन्द्रित गरेर । यसै समयमा वेदारम्भ संस्कारका रुपमा आध्यात्मिक ज्ञानसमेत लिइनुपर्छ । यसबेला लौकिक शिक्षा पूरा गर्दै कुनै विषयमा पारंगत भएसँगै वेदान्त शास्त्र श्रवण गर्दै वैदिक शिक्षाको प्रारम्भ गरिनुपर्ने विधान समेत छ । त्यसैलाई वेदारम्भ संस्कार भनिएको छ । यसपछि आध्यात्मिक साधना गृहस्थ, वानप्रस्थ, सन्न्यास लगायत आश्रममा अझ गहनरुपले अपनाएर अन्ततः मोक्ष (दुःखबन्धनबाट मुक्ति) वा परमात्मा दर्शनको प्राप्ति गर्नुपर्ने बताइएको छ ।

जसरी मानव जीवनको यो पहिलो २५ वर्षे समयावधि ज्ञान तथा शिक्षा आर्जन गरी भविष्य निर्धारण गर्ने सर्बैभन्दा महत्वपूर्ण समयको रुपमा रहेको हुन्छ ठीक त्यसरी नै कुनै पनि संघ-संस्थाको स्थापना भई निरन्तर गतिशील र सक्रिय रहेर २५ वर्षको समयावधि पूरा गर्नुमा विशिष्ट महत्ता रहने गर्दछ । निरन्तर निर्दिष्ट लक्ष्यतर्फ अघि बढ्नु सफलतातर्फ उन्मुख बन्ने शुभसंकेत पनि हो । यसै अर्थमा पूर्वाञ्चल दैनिकले २५ वर्षमा प्रवेश गर्नु तथा रजत जयन्ती जस्तो महान उत्सव मनाउने अवसर प्राप्त हुनु आफैमा सबैका लागि गौरव र हर्षको विषय हो । यसै ऐतिहासिक र गौरवमय क्षण यससँग प्रत्यक्ष-अप्रत्यक्षरुपमा सम्बन्ध जोडिएका सबैका लागि हर्षोल्लास तथा गौरवको विषय बन्नु स्वभाविक हो ।

निश्चय पनि पूर्वाञ्चललाई यस अवस्थासम्म आइपुग्न विभिन्न उतार-चढाव वा आरोह (अवरोहबीच विभिन्न व्यक्तिको योगदान रहेको छ, त्यसलाई ध्यानमा राखेर सञ्चार गृह श्रीअन्तु प्रकाशन प्रालिले सबैलाई समेटेर सम्मानसहित रजत महोत्सव समारोहको विशेष कार्यक्रम सम्पन्न गरेको सम्बन्धित सबैले महसूस गरेकै हुनुपर्छ । सञ्चार क्षेत्र त्यसै पनि सबै क्षेत्रसँग जोडिने विषय भएको र त्यसमा पनि आफ्नो सेवाको परिपक्वता हासिल गर्ने २५ वर्षे जवानी ( युवापन) अरुलाई आकर्षित गर्ने उमेर तथा अवस्था भएकोले सम्बन्धमा व्यापकता र अधिकता रहनु स्वभाविक ठान्नुपर्छ । अर्थात् समयानुकूल आफ्नो कर्तव्य गर्दै शैशव (वाल्यकाल), किशोरावस्था पार गरेर युवा अवस्थामा रहेको व्यक्तिले हरेक क्षेत्रमा जुन मानवीय मूल्य र महत्व बोकेको हुन्छ त्यही उच्च महिमा र मर्यादा सञ्चार जगतमा पूर्वाञ्चलले बोकेको अवस्था हो यो भन्दा अत्युक्ति नहोला ।

यस अवसरमा एक सयभन्दा बढी व्यक्तित्वलाई गरिएको सम्मान-पत्रसहितको सम्मान र चार सयभन्दा बढीलाई आतिथ्यसहितको आदर सत्कारपूर्वक गरिएको (नेपाली मौलिक परिकारयुक्त जलपान समेत गराई) कार्य राष्ट्रिय स्तरको सञ्चारमाध्यमको उत्सवको झल्को दिने गरी सम्पन्न गरिनु प्रकाशन समूहका सञ्चालक (श्री अन्तु प्रकाशन प्रालिका अध्यक्ष, प्रकाशक, प्रशासक तथा परिवार)को उदात्त भाव तथा विचारको संकेत एवम् प्रतिफल भएको सहभागीको अनुभव रहेको समेत पाइन्छ । जसबाट संस्थालाई अझ गतिशीलता र सक्रियतापूर्वक अघि बढ्न थप ऊर्जा र उत्साह थपिएको महशुस गरिएको छ ।

कार्यक्रममा प्रमुख अतिथि १ नम्बर प्रदेशका प्रमुखको देश विकासमा सञ्चार क्षेत्रको महत्व र सञ्चाकर्मीका चुनौति विषयक अभिव्यक्ति, संस्थाका अध्यक्ष लगायतको पूर्वाञ्चलको विगतदेखि वर्तमानसम्मका गतिविधिबारे जानकारी अनि आयोजक संस्थाको कार्यक्रमका प्रस्तुति आकर्षक, उत्साहपूर्ण र आनन्दायी रहेको सहभागीहरुले बताएका छन् । जुन



सफलतापूर्वक सम्पन्न गर्न दिइएको जिम्मेवारी सम्बन्धित सबैले निष्ठापूर्वक निर्वाह गर्दा सम्भव भएको हो । जसरी पूर्वाञ्चलले दैनिकरुपमा उत्कृष्ट ढंगले पठन सामग्री मार्फत पाठकसामु रुचीकर खुराक पस्कने गरेको छ । त्यसमा सम्पादन, व्यवस्थापन समूह लगायतको भूमिका रहन्छ । त्यसरी नै हरेक दृष्टिबाट महोत्सव कार्यक्रममा चुस्त दुरुस्त कार्यसम्पादन एवम् संयोजनले आमन्त्रित सहभागी आम दर्शक-श्रोताका लागि विविध प्रस्तुति मनमोहक बन्न मन जित्न सफल बनेको महशुस हुन्छ ।

सञ्चार क्षेत्रका अग्रज गुरुहरुदेखि लिएर अहिले तथा पहिले संस्थामा आबद्ध रही विभिन्न जिम्मेवारीमा रहेर योगदान पुऱ्याएका (सबै तह तप्काका) सबैलाई आदर सम्मान गरेर यस सञ्चार संस्थाले गौरवानुभूति गराएको छ । अझ पूर्वाञ्चलको पर्यायवाची शब्द झैं लाग्ने (सदा सम्झने) यसका पूर्व प्रधान सम्पादक स्वर्गीय श्रद्धेय मदन ढकाललाई उहाँको योगदानको सम्मान र सम्झना गर्दै स्थापित (अर्पण गरिएको) पुरस्कारको प्रसङ्ग मर्यादित पत्रकारिताका लागि प्रेरणाको स्रोत बनेको छ । समाचारदाताको जिम्मेवारीमा रहेर गरेको कार्यको कदर गरिँदा आफू (पंक्तिकार)लाई हर्ष र गौरवको अनुभूतिसँगै हौसला बढेको छ ।

यसरी भव्य र उल्लासमय वातावरणमा कार्यक्रम सम्पन्न हुनुमा संस्थाको हित प्रवर्द्धनमा योगदान पुऱ्याउने संस्थाको नेतृत्वदायी भूमिकामा रहने आदरणीय अध्यक्ष टोरुप प्रसाई, प्रकाशन प्रबन्धक भरतलाल गिरी, दैनिकरुपमा अखबार सम्पादन कार्यका प्रमुख वा (मुख्य जिम्मेवारी निर्वाह गर्ने) प्रधान सम्पादक एकराज गिरी, व्यवस्थापकीय जिम्मेवारीको मुख्य भूमिकामा रहनु हुने (लेखक तथा चिन्तकका रुपमा समेत रहनुहुने जो उत्कृष्ट व्यवस्थापकका रुपमा सम्मानित हुनुभयो) चन्द्रकान्त ढकाललाई मुख्य श्रेय जान्छभन्दा प्रशंसाका लागि प्रशंसा गरेको मानिने छैन भन्ने लागेको छ । जसमा सबैको साथ सहयोगको उत्तिकै महत्व रहन्छ नै ।

त्यस्तै यस रजत महोत्सवरुप यज्ञ (ठूलो सामुहिक कार्य) सम्पन्न गर्न उत्कृष्ट पत्रकारका रुपमा सम्मानित तथा पुरस्कृत व्यक्तित्व लक्ष्मण ढकाल, सम्पादक गिरी, सह-सम्पादक सुरेन्द्र भण्डारीको कार्यक्रमको सञ्चालन, उद्घोषण रोचक र रुचीकर रहेको अनि पञ्चकन्या लगायतका साथ स्वागत सत्कारमा तल्लिन उपसम्पादक तुलसीप्रसाद निरौलाको न्यानो अभिवादनबाट आगन्तुक अतिथिले न्यानोपन अनुभव गरेकै हुनुपर्छ भन्ने लागेको छ ।

त्यस्तै उपस्थिति पुस्तिका बोकेर अनवरत कार्यक्रम अवधिभरि खटिने कार्यकारी व्यवस्थापक होमप्रसाद अधिकारी, पूर्वाञ्चल अनलाइन खबरका समाचार संयोजक नरेन्द्र ढकाल लगायतको व्यस्तता, फोटो पत्रकार विनोद पाण्डेको फोटो र व्यंग्य चित्रकार प्राज्ञ पवन राजवंशीको व्यंग्य चित्र प्रदर्शनीले कार्यक्रमको आकर्षण थपेको थियो । जहाँ अन्य अतिथिका साथ लेखा प्रमुख सोम भण्डारी, पत्रिकाका साहित्य संयोजक भुवन तामाङ र यस पंक्तिकारबीच केही क्षण रोचक तस्वीर बारे गरिएको जिज्ञासा र चर्चाले रमाइलो अनुभवको आस्वादन गराएको थियो ।

अन्त्यमा सधैं हरेक समय विभिन्न घटना, विचार, परिवेश, सभा-समारोह आदि प्रति ध्यान दृष्टि केन्द्रित गर्ने सञ्चारकर्मीको कार्यक्रम निर्धारित समयमै समापन भएको थियो । समापनपछि पत्रिकाका वितरण विभागका गोपाल अधिकारी र सञ्जय श्रेष्ठ (जो केही थकित मुद्रामा रहेका)को तस्वीर लिएर बाटो लागें । हातमा पूर्वाञ्चल विशेषांकसहित सम्मान-पत्र बोकेर तर मनले सम्झँदै थियो केवल सम्मान-पत्रमा उल्लेखित पुच्छरको वाक्य जहाँ लेखिएको थियो- 'आगमी दिनमा पनि अझ जिम्मेवार र क्रियाशील रहँदै संस्थाको उन्नतिमा समर्पित रहनुहुनेछ ।'


# टेकनाथ रिजाल सम्बन्धी पुस्तक सार्वजनिक

**बिर्तामोड, फागुन ३०।** लेखक तथा वैज्ञानिक डा. अरुणकुमार सिंहद्वारा लिखित 'मस्तिष्क नियन्त्रणका वैज्ञानिक आधार' नामक पुस्तकको नेपाली अनुवाद सार्वजनिक गरिएको छ ।

मुक्तिनाथ घिमिरेद्वारा नेपालीमा अनुवादित तथा कौशिला रिजालद्वारा प्रकाशित भुटान र टेकनाथ रिजाल सम्बन्धी अनुसन्धानमूलक पुस्तक 'मस्तिष्क नियन्त्रणका वैज्ञानिक आधार' सार्वजनिक गरिएको हो ।

मस्तिष्क नियन्त्रणका वैज्ञानिक आधार नामक उक्त पुस्तकमा मानव अधिकारवादी नेता टेकनाथ रिजाल र भुटानमा भएका अमानवीय वैज्ञानिक अभ्यासबारे खोजमूलक विश्लेषण समावेश गरिएको छ । मानव अधिकारवादी नेता रिजालमाथि मस्तिष्क नियन्त्रण प्रविधिको प्रयोग र उनको स्वास्थ्यमा मस्तिष्क नियन्त्रणको असरलगायतका विषय समेटिएको पुस्तकबाट भुटानको राजनीतिक, आर्थिक अवस्था, भुटान सरकारले जनतामाथिको भएको दमन, अत्याचार, भ्रष्टाचार भण्डाफोर गर्न नेता रिजालको भूमिका, जेलजीवनमा उनले भोगेका दर्दनाक यातनाबारे जानकारी लिन सकिने बताइएको छ ।

भारतका विभिन्न विश्वविद्यालयमा अध्यापन र अनुसन्धानको क्षेत्रमा संलग्न एक दक्ष वैज्ञानिक समेत रहेका पुस्तकका लेखक डा. सिंहका एक



दर्जनभन्दा बढी पुस्तक प्रकाशित भइसकेका छन् । केही समयअघि अंग्रेजी भाषामा प्रकाशित उनको कृतिको नेपाली अनुवाद प्रकाशन गरिएको हो ।

भुटानका पूर्व राजकीय परिषद्का सल्लाहकार तथा मन्त्रिपरिषद् सदस्य समेत रहेका नेता रिजाल सन् १९९० को दशकमा भुटानी शरणार्थी नेपाल भित्रिएपछि निकै चर्चामा आएका शरणार्थी नेता हुन् ।

१० वर्षको जेलजीवनबाट रिहाइ पछि निर्वासन जीवन बिताइरहेका नेता रिजाल झापाको बिर्तामोडमा बस्दै आएका छन् । पुस्तकको प्रकाशिका कौशिला उनकी धर्मपत्नी हुन् । पुस्तकका मूल लेखक डा. सिहबाट अनुमति लिई नेपालीमा अनुवाद गरी पुस्तक प्रकाशन गरिएको नेता टेकनाथ रिजालले जानकारी दिए ।


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

| (हल ए) हिन्दी सिनेमा | (हल बी) नेपाली सिनेमा |
|---|---|
| पहिलो शो ११:४५ **Baaghi-3** | पहिलो शो ११:४५ **Baaghi-3** |
| दोस्रो शो २:४५ **Baaghi-3** | दोस्रो शो २:४५ **Baaghi-3** |
| तेस्रो शो ६:४५ **Baaghi-3** | तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी |

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## हाड जोर्नी नशका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क पूर्वाञ्चल अस्पतालको छैठौं बार्षिकोत्सवको अवसरमा स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका **बरिष्ठ डाक्टर अनिल कुमार महतो** यही चैत्र १ गते शनिबार स्पार्क पुर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको - शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)
समय : बिहान ८:०० देखि ३:००

## काठमाडौंका डाक्टरद्वारा निःशुल्क स्वास्थ्य परीक्षण

यही चैत्र २ गते आइतबारका दिन काठमाडौंबाट आउनुहुने पाइल्स, फिसर, फिस्टुला रोगका अनुभवी आयुर्वेद डा.राजकुमार शाह र हाडजोर्नी, नशा तथा प्यारालाइसिसका अनुभवी फिजियोथेरापिस्ट डा.भगवान शाहद्वारा निःशुल्क स्वास्थ्य जाँच गरिने भएकोले यथाशीघ्र नाम टिपाइ मौकाको फाइदा उठाउनुहोस् ।

**उपचार हुने समस्याहरु :-**
ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, खोकी, पिनास, थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, महिला तथा पुरुषका गुप्त रोग, एलर्जी, पोतो, डण्डीफोर, माइग्रेन, अनिद्रा, बाथ, युरिक एसिड, कम्मर र गर्दन दुख्ने, घुडा जोर्नी दुख्ने, नशा च्यापिएको, हड्डी खिइएको, शरीर झम्झमाउने, मुख बाङ्गिएको, कुम जाम भएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३

## उज्यालो यातायात प्रा.लि.
९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौंडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसियन होटल ट्रेनिङको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो । तालिमहरु कुक, इण्डियन, चाइनिज, कन्टीनेन्टल, इटालिएन र वेटर ।

हाम्रा विशेषताहरु :
- काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने ।
- तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याइने ।
- तालिमपछि आफ्नै कम्पनीबाट विदेश पठाइने ।
- दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने ।
- तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङमा पठाइने ।

सम्पर्क : **होटल अलपाइन**
शनिश्चरे रोड ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
नोटः यहाँ खान/बस्नको राम्रो व्यवस्था छ ।
फोनः ०२३-५४०२३१
मो. ९८१२३५१२७१, ९८१२३५१२२६

## छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
९८४२६२५३५३/९८१४०३६३४४

## वर्गीकृत विज्ञापन

### कर्मचारी आवश्यकता
Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### हिजोको सूनचाँदीको भाउ
छापावाला सुन : ७९,०००।-
तेजावी सुन : ७८,७००।-
असल चाँदी : ७३५।-

### टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९
९८४१३२१४६४

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट् फोट झट् सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** खर्च बढ्नाले अर्थ संग्रहमा बाधा पुग्नेछ । सरसापट र भैपरी आउने कामले रकम बाहिरिन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझतिर बसाइको स्थानान्तरण वा टाढाको यात्रा हुने सम्भावना देखिन्छ । परिस्थितिजन्य समस्याले दुःख पाइनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** शुरुमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूको विश्वासमा पर्दा धोका हुन सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्वाकांक्षी काम गर्न सफल भइनेछ । तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** विवादास्पद कामलाई टुंगो लगाउँदै लोकप्रियता हासिल गर्न सकिनेछ । आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ । कर्मयोगले आम्दानी समेत बढाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मेहनत गर्दा आयआर्जनका नयाँ स्रोत समेत फेला पर्नेछन् । तर, पुरानो समस्याले खर्च गराउन सक्छ । सरसापटमा पनि धन बाहिरिने सम्भावना देखिन्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । मेहनतको राम्रो प्रतिफल प्राप्त हुनेछ । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आम्दानीबाट आवश्यकता पूरा हुनेछन् । शुभचिन्तकहरूले साथ दिनेछन् कर्म निश्चय गर्ने समय छ ।

# बिर्तामोडमा ‘हंस’ को चर्चा



**बिर्तामोड, फागुन ३०।** झापाको विर्तामोडमा आयोजित कार्यक्रमकावीच प्रा.डा. सञ्जीव उप्रेतीको दोस्रो उपन्यास ‘हंस’ को चर्चा परिचर्चा गरिएको छ ।

नेपाली लेखक संघ झापाको आयोजनामा बिर्तामोडस्थित भेटघाट चौतारीमा भएको कार्यक्रममा ‘हंस’को चर्चा परिचर्चा गरिएको हो । नेपाली लेखक संघ झापाका अध्यक्ष गोपालकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार मायामितु न्यौपाने, रिर्डस झापाका उपाध्यक्ष दामोदर ढुंगेल लगायतले पुस्तकको वारेमा टिप्पणी गरेका थिए ।

कार्यक्रममा साहित्यकारहरु कृष्ण अविरल, कृष्ण वराल, कुमार भट्टराई, लिला अनमोल, टीका भट्टराई नेपाल, सुनीता तामाङ, पत्रकार दिपीन राई, रेजिना रोदन, तुलसीप्रसाद निरौला, शिला उप्रेती लगायतले पुस्तकको वारेमा जिज्ञासा राखेका थिए ।

कार्यक्रममा लेखक प्रा.डा. सञ्जीव उप्रेतीले ‘हंस’ उपन्यासको भाषामा नयाँ प्रयोग गरेको बताए । उनले अहिलेसम्म समाजमा मानवकेन्द्रित विश्वदृष्टि मात्रै लेखिएको उल्लेख गर्दै यसबाट बाहिर निस्कने प्रयास गर्न उपन्यासले सुझाउने बताए ।

लेखक उप्रेतीले प्रकृतिलाई मूर्तरुपमा बुझ्नुपर्यो भनेर चरा र मान्छेका सम्बन्धको कथा लेखेको बताउँदै ‘हंस’ उपन्यासमा चराको भाषा र संवादलाई समेत प्रयोगात्मकरुपमा प्रस्तुत गरेको जानकारी दिए ।

चरामा समर्पित १२ खण्डमा विभाजित ‘हंस’ उपन्यासले मानिस र प्रकृतिमा रहने अनेक प्राणीको प्रेमलाई समभावमा हेर्न र बुझाउन खोजेको उनले बताए । संसारमा मानिस र प्राणीमा हुने प्रेम उस्तै हो भने यिनका भाषा एक अर्कोले बुझ्न सक्छन् कि सक्दैनन् त भन्ने संवेदनशील पर्यावरणीय पक्षलाई पनि उपन्यासमा उठाइएको उनले बताए । मानिस आफैंले बनाएको समाज र सभ्यताको माकुरे जालोमा कसरी प्रताडित छ भन्ने यथार्थ उपन्यासले बोलेको बताउँदै उनले उपन्यासले पर्यावरणीय चेतनामार्फत् मानवीय हंसको संकुचन वा साँघुरो घेराको तुलनामा पन्छी वा हंसको फराकिलो जीवनशैलीको तुलना मात्र नगरी प्राकृतिक जीवनशैलीबाट विमुख हुँदै गएको मानव सभ्यताको समस्या र संकटलाई पनि संकेत गरेको बताए ।

कार्यक्रमको सञ्चालन साहित्यकार मुनाराज शेर्मालेे गरेका थिए ।

# ‘कति कानून छन् थाहा छैन’

**झापा, फागुन ३०।** मन्त्रालयले कति कार्यविधि, मापदण्ड, निर्देशिकालगायत कानून बनाएका छन् भन्ने सम्बन्धित मन्त्रालयमा पनि सूची नहुने गरेको पाइएको छ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले आयोजना गरेको छलफलमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका अधिकारीले मन्त्रालयलाई कति कानून छन् भन्ने जानकारी लिन पत्राचार गर्दासमेत त्यस्तो सूची आउन नसकेको जनाएको हो ।

मन्त्रालयका अधिकारीसँगको छलफलपछि समितिले यससम्बन्धमा अध्ययन गर्ने जनाएको छ । यसका लागि मार्गदर्शक निर्देशिका बनाउने निर्णय पनि समिति बैठकले गरेको छ । निर्देशिका बनाउन मस्यौदा समिति समेत गठन गरिएको सभापति रामनारायण बिडारीले जानकारी दिए । समितिमा सभापति बिडारी समिति सदस्य सांसद राधेश्याम अधिकारी र सांसद बिना पोखरेल सदस्य रहेका छन् ।

कानून मन्त्रालयलाई मस्यौदा बनाइ १५ दिनभित्र समितिमा पेश गर्न पनि बैठकले निर्देशन दिएको छ । बैठकमा सांसद अधिकारीले अध्यागमन विधेयकमा सात स्थानमा तोकिए बमोजिम भन्ने लेखिएकाले ऐनको मस्यौदासँगै नियमावलीको मस्यौदा पनि ल्याउन लगाउनुपर्ने अवस्था आएको बताए । कृषि मन्त्रालय अन्तर्गत २४० निर्देशिका रहेछन्- हामीले खोज्नुअघि मन्त्रालयका अधिकारीलाई पनि कति छन् भन्ने थाहा रहेनछ, कति प्रकाशित त कति अप्रकाशित भएको समेत पाइयो- उनले भने ।

कानून राजनीतिक लेनदेनको विषय नभएकाले निष्पक्ष रुपमा तर्जुमा गरिनुपर्ने सांसद अधिकारीले बताए । जुन कानून मन्त्रालयका अधिकारीलाई थाहा छैन, त्यसैका आधारमा काम हुँदा ‘कानमा पुग्यो, काममा भएन’ को अवस्था रहेकामा उनले मन्त्रालयको ध्यानाकर्षण गराए । कानून मन्त्रालयका सचिव राजीव गौतमले नियमावली राजपत्रमा प्रकाशन हुने गरेको त्यसबाहेकका कानून मन्त्रिपरिषद् बैठकले निर्णय गरे अनुसारमात्र प्रकाशित हुने गरेको बताए ।

सबै मन्त्रालयसँग कति कार्यविधिलगायत कानून छन् भनी सूची माग्दा उद्योग मन्त्रालयले दिन सकेन, अरु मन्त्रालयको सूची आएको छ- उनले भने । मन्त्रालयका सहसचिव एवं प्रवक्ता धनराज ज्ञवालीले कति कार्यविधिलगायत कानून छन् भन्ने धेरैजसो मन्त्रालयलाई थाहा नभएको बताए ।

मन्त्रालयका वेबसाइटमा पनि सबै कानून राखिएका छैनन्, केही कानून नराख्दा पनि होला, तर आम मानिसले जानकारी पाउनुपर्ने कानून वेबसाइटमा राखिदिए सबैलाई सजिलो हुन्छ, भवनसंहिताजस्ता कानूनी व्यवस्था सबैले थाहा पाउनुपर्छ- उनले भने ।

मन्त्रालयले मुद्रण विभागको वेबसाइटमा राजपत्रमा प्रकाशित नहुने कानून पनि राख्नुपने व्यवस्था गर्न पनि बैठकमा समितिसँग माग गरेको छ । पहिले विधेयक मस्यौदा गर्दा देहायका विषयमा नियमावलीमा तोक्ने भनी उल्लेख गर्ने गरिएकामा हाल एकैपटक तोकिए बमोजिम लेख्दा अलमल हुने गरेका समिति सदस्यहरुको भनाइ थियो ।

# दुई जनाको मृत्यु

**सुनसरी, फागुन ३०।** मोरङ सुन्दरहरैचा-७का ५०बर्षीय योगेन्द्रप्रसाद रिजालको सवारी दुर्घटनाबाट मृत्यु भएको छ ।

सुनसरी भोक्राह नर्सिङ-४ चिरौली चोक स्थित राजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०२००१ज ३९०६ नम्बरको माइक्रो र बिपरीत दिशाबाट गइरहेको को३२प ३९४४ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक योगेन्द्रप्रसाद रिजाल गम्भरी घाइते भएका थिए । बिराटनगर न्युरो अस्पतालमा उपचार भइरहेकोमा उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । दुबै साधन र माइक्रो चालक बिराटनगर-१६का ५२ बर्षीय आयुराज लामा नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी सुनसरी बराहक्षेत्र-५ बस्ने मन्जु राजधामीको ५ बर्षीय छोरा सुजन राजधामीको टिफरको ठक्करबाट मृत्यु भएको छ । राजधामी चौक स्थित सडकखण्डमा नहडाबाट कालाबञ्जरतर्फ जादै गरेको को१ख ५७६५ नम्बरको टिपरले बाटो क्रस गर्दै गरेका बालक सुजनलाइ ठक्कर दिँदा गम्भीर घाइते भएका उनलाई थप उपचारार्थ काठमाडौ लाँदै गर्दा उनको मृत्यु भएको उक्त कार्यालयले जनाएको छ । ठक्कर दिने टिपर र टिपर चालक प्रदीप चौधरी नियन्त्रणमा रहेको सोही कार्यालयले जनाएको छ ।

# जग्गा खरिद गर्ने भन्दै नौ लाख लुटियो

**झापा, फागुन ३०।** पूर्वी चितवनको खैरहनी नगरपालिकामा दुई जनाको रु. नौ लाख लुटिएको छ ।

गुल्मीको सत्यवर्ती गाउँपालिका-६का ३१ वर्षीय नारायण घर्ती र ३० वर्षीय पदम घर्ती लुटिएका हुन् । उनीहरुलाई खैरहनी नगरपालिकामा जग्गा खरिद गरिदिने भन्दै अनिल राई नामका व्यक्तिले बोलाएको र उनैले पैसा लुटेको पीडितले जनाएका छन् ।

राईले जग्गा बैना गर्ने भनी मालपोत कार्यालय बोलाएको र पछि फेरि मगनी चोकबाट दुई सय मिटरभित्र बोलाएर लुटेको प्रहरीले जनाएको छ । राईले पैसा भएको झोला लिएर मोटरसाइकलमा भागेको प्रहरीले जानकारी दिएको छ । उनको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०७६ साल पुस २५ गते चारआलीबाट बिर्तामोड जाने क्रममा मेरो कक्षा १२ को सि.नं. ३४०९११२ (२०६७)को माइग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न त्रिदेव क्याम्पस चारआली वा नजिकको प्रहरी कार्यालय तथा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः सुरेखा योङ्गयाङ्ग
ठेगानाः मेचीनगर–१३, झापा
सम्पर्कः ९८१५९९९३७९

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०७६/११/२७ LT. No. 234555 चलानी नं. ६०१५३२२८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 60 | 0 | 2270 | ३८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति : मेनपावर कार्यालय काठमाडौंमा चैत ५ गते (18th Mar. 2020) मा र सिपि होटल बिर्तामोड झापामा चैत ७ गते (20th Mar. 2020) मा हुनेछ ।

नोट: यसैगरी दुबईमा क्लिनर, कार्पेन्टर, मेसन, स्टिलफिक्चर र स्काफहोल्डरहरुको पनि माग भई आएको हुनाले जान चाहनेले तुरुन्त सम्पर्क गर्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
श्रम इजाजत नं. ४००/०६०/०६१
सम्पर्क: 9826901571, 9803577699, 9803393608, 9845449093, 9862748933

## UAE को बहुप्रतिष्ठित कम्पनीमा PSBD Security Guard को आवश्यकता

कम्पनी : U.S.G. Group LLC

पूर्व स्वीकृति मिति : 2076/10/07 चलानी नं. 60150258 L.T.NO. 231489

| कामदारको पद | माग संख्या: Male | माग संख्या: Female | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guard | 100 | 45 | काममा अनुभव | 2000 | ६३,६४० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छैन/छ | | २ वर्ष |
| Secrity Guard DPS | 100 | | | 1200 | | | | | | | | |

नोट: ❖SLC पास गरेको हुनुपर्नेछ । ❖अंग्रेजी भाषा राम्रोसंग लेख्न, बोल्न, र पढ्न जान्ने हुनुपर्नेछ । ❖उचाई कम्तीमा ५ फिट ६ इन्च भन्दा माथि हुनुपर्नेछ । ❖उमेर २१ देखी ४० वर्षसम्म हुनुपर्नेछ । यसको वेसिक सेलरी २००० दिराम भएता पनि १२ घण्टा ३० दिन काम गरेवापत ३३०० दिराम कमाइ हुनेछ । यसैगरी यसै कम्पनीमा DPS तलब २२६२ दिराम भएको सिक्युरिटी गार्डको पनि सोही दिन अन्तरवार्ता हुनेछ ।

फाईनल अर्न्तवार्ता सम्बन्धीत कम्पनिको प्रतिनिधिवाट यहि मिति २०७६ चैत्र 08 (2020 March 17) मा सिपी होटल बिर्तामोडमा हुनेछ ।

Gulf Innovation Group Nepal Pvt. Ltd.
Lic. No. 859/066/67
kupandol, Kathamandu, Nepal 55240006
सम्पर्क: 9824985301, 9807934609, 9842665853

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

विगत लामो समयदेखि आधिकारिक रुपमा नेपाल सरकारको इजाजत प्राप्त सेक्युरिटी दिँदै आएको (सेभेन स्टार सेक्युरिटी सर्भिस) प्रा.लि. शाखा कार्यालय बिर्तामोडले देश तथा विदेशबाट पूर्ण अनुभव प्राप्त दक्ष प्रशिक्षकद्वारा निःशुल्क तालिम दिलाइ सेक्युरिटी समबनधी पूर्ण ज्ञान दिँदै शारीरिक रुपमा, मानसिक रुपमा एवम् आत्मरक्षा सम्बन्धी पनि प्रशिक्षण दिलाउने हुँदा यथाशीघ्र मौकाको फाइदा उठाइ आफूलाई आत्मनिर्भर दिलाउनु हुन यो सूचना प्रकाशित गर्दछौं ।


तालिमको किसिम :
१) सेक्युरिटी तालिम २) बडीगार्ड तालिम
३) पर्सनल बडीगार्ड तालिम ४) मार्शल आर्ट (बेसिक) तालिम

सम्पर्कः बिर्तामोड, भद्रपुररोड
०२३–५४६६२४, ९८५२६७३९५५, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८०१४१६८४२

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

## जग्गा बिक्रीमा




बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कठ्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।

सिधा सम्पर्क: ९८०४९९९७६६

## हार्दिक बधाई एवं शुभकामना



तेजराज कोइराला, मोहन मिश्र, मुक्तिनाथ गुरागाईं, उज्वल राय दुवार, सुरेन्द्र रिजाल
कुवेर प्र. न्यौपाने, जीवन तिम्सिना, ललित जाखी, शुभलक्षण राय चौधरी, रोशन घिमाल
रोशन कुमार चौधरी, सुविता झा, सौरव वापागाईं, दिवस रिजाल, तिर्थ कापले

नेपाल औषधी बिक्री तथा प्रतिनिधी संघ मेची इकाइको झापाको बिर्तामोडमा २०७६ फागुन २४ गते सम्पन्न साती अधिवेशनबाट नवनिर्वाचित अध्यक्ष तेजराज कोइराला, वरिष्ठ उपाध्यक्ष मोहन मिश्र, उपाध्यक्ष मुक्तिनाथ गुरागाईं, सचिव उज्वल राय दुवार, सह-सचिवहरु सुरेन्द्र रिजाल र कुवेर प्र. न्यौपाने, कोषाध्यक्ष जीवन तिम्सिना, सहकोषाध्यक्ष ललित जाखी, सदस्यहरु शुभलक्षण राय चौधरी, रोशन घिमाल, रोशन कुमार चौधरी, सुविता झा, सौरव वापागाईं, दिवस रिजाल र तिर्थ कापलेलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

महासचिव जीवनकुमार खड्का | अध्यक्ष गौतम गुप्ता

नेपाल औषधी व्यवसायी संघ
झापा जिल्ला शाखा

## हार्दिक बधाई



फुटबल खेलका लागि मुलुकै गौरवको रुपमा रहेको झापा गोल्डकपको गरिमामय अध्यक्ष पदमा हाम्रा अत्यन्त हितैषी, सामाजिक क्षेत्रमा क्रियाशील र ऊर्जाशील युवा **बिनोद बस्नेत** तथा बरिष्ठ उपाध्यक्ष बलराम कार्की, उपाध्यक्ष सुवास भट्टराई, महासचिव गजेन्द्र पौडेल, सह–सचिव चेतामणि खनाल, कोषाध्यक्ष केदार गिरी, सदस्यहरु केशवराज दाहाल, सजेश शिवाकोटी, किरण थापा, यादव पोखरेल, सञ्जीव घिमिरे, विष्णुप्रसाद सिग्देल, चन्द्रमणि कट्टेल र दिपेश ढकाल सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंहरुको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

समाल ग्रुप प्रा.लि.+अब लक्ष्मी ग्रुप प्रा.लि.

एल. वि समाल (राजु), मदन राई, राजु बस्नेत
नरेन्द्र कार्की, प्रकाश सुवेदी, पदम थापा
मोहन निरौला, विशाल निरौला, विश्वनाथ निरौला
तुलसीराम खतिवडा

## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरु र फ्याक्ट्री हेल्परहरुलाई रोजगारको सुवर्ण अवसर

नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः युएईको No 1 ARABIA TAXI L.L.C. ABUDHABI कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ । तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु–सम्पर्क गर्नुहोला ।
उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।

फाइनल अन्तरवार्ता चैत ३ गते सोमबार बिर्तामोडमा हुनेछ ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि.
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान–३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

# ७० कृषकलाई च्यापकटर



**बिर्तामोड, फागुन ३०।** बिर्तामोड नगरपालिकाले बिर्तामोडका ७० जना कृषकलाई च्यापकटर (कुट्टी काट्ने) यन्त्र प्रदान गरेको छ ।

नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाले सहारा नेपाल साकोससँगको साझेदारी अनुदान कार्यक्रम अन्तर्गत उक्त यन्त्र प्रदान गरेको हो । नगर प्रमुख ध्रुवकुमार शिवाकोटी, उपप्रमुख पवित्रा महतारा प्रसाईं, प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडा, सहारा नेपाल साकोसका कार्यक्रम संयोजक किसन गौतम लगायतले कृषकलाई च्यापकटर हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा नगर प्रमुख शिवाकोटीले नगरपालिकाले कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले यन्त्र प्रदान गरेको बताए । कृषिमा आधुनिकीकरण र कृषकको दैनिकीमा सहजता ल्याउन यन्त्र प्रदान गरेको बताउँदै उनले नगरपालिकाले प्रदान गरेको मेसिनको सदुपयोग गर्न कृषकलाई आग्रह गरेका थिए ।

त्यस्तै उपप्रमुख प्रसाईंले नगरमा कृषि क्षेत्रको विकासका लागि नगरपालिका प्रतिबद्ध रहेको बताइन् । कार्यक्रममा कृषक नन्दु उप्रेतीले यन्त्र प्रदान गरेकामा धन्यवाद दिँदै सही कृषकको पहिचान गरेर नगरपालिकाले सहयोग गर्नुपर्नेमा जोड दिए ।

साझेदारी अनुदान कार्यक्रम अन्तर्गत कृषकलाई नगरपालिकाले ४५ र सहारा नेपाल साकोसले २५ च्यापकटर दिएको नगरपालिकाका पशु सेवा शाखा प्रमुख सावित्राकुमारी दाहालले जानकारी दिइन् । छ लाख ४० हजार रुपैयाँको लागतमा उक्त यन्त्र खरिद गरिएको र त्यसका लागि नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा पशु सेवा अन्तर्गत एक करोड १६ लाख रुपैयाँ बजेट विनियोजन गरेको प्रमुख दाहालले जानकारी दिइन् ।

# तालमायाको जीवन बचाउन अभियान

**अर्जुनधारा, फागुन ३०।** दुबै मृगौला फेल भई हाल उपचाररत् झापाको अर्जुनधारा-२ बेलटारकी ६७ वर्षीया तालमाया तामाङको सहयोग रकम जुटाउन अभियान सञ्चालन गरिएको छ ।

बृखबहादुर गोलेको अध्यक्षतामा गठन भएको १५ सदस्यीय तालमाया तामाङ बचाउ अभियान समितिले सो अभियान सञ्चालन गरिएको समितिका अध्यक्ष गोलेले बताए । अध्यक्ष गोलेका अनुसार नवगठित समितिले स्थानीय एक्सल डेभलपमेन्ट बैंकको खुदुनाबारी शाखामा खाता खोल्ने तथा विभिन्न संघ-संस्था र दाताहरुसँग उनको जीवन बचाउनका लागि सहयोग रकम जुटाउन पहल गर्ने बताइएको छ ।

गत वर्षको माघमा हातखुट्टा सुन्निने, खाना अरुची हुने, वाकवाकी लाग्ने लगायत लक्षण देखापरेपछि स्वास्थ्य परीक्षणको लागि श्रीमान् तीलबहादुरसँग धरानस्थित घोपामा पुगेकी उनलाई परीक्षणपछि मृगौलामा समस्या भएको पत्ता लागेको थियो । घोपामा समस्या देखापरेपछि उनलाई बिर्तामोडस्थित बिर्तासिटी अस्पताल उपचारको लागि भर्ना गरी चार दिनसम्म उपचार गरिएको श्रीमान् तीलबहादुरले बताए । उपचारपछि डिस्चार्ज दिने क्रममा अस्पतालका चिकित्सकले रोग बल्झियो भने बिरामीलाई विराटनगर लान भनेको उनले बताए ।




गत असोजमा पुनः रोग बल्झिएपछि उपचारको लागि विराटनगरस्थित कोशी अस्पताल पुगेका उनलाई प्रत्यारोपणको लागि परिवारका सदस्यले मृगौला दिने हुँदा २० लाख र खरिद गर्नुपर्दा एउटा मृगौलाको थप १३ लाख लाग्ने अस्पतालबाट जानकारी पाएको तीलबहादुर बताउँछन् ।

मजदुरी गरी छ जनाको परिवार धान्दै आएका उनले १३ महिनाको अवधिमा अनुमानित आठ लाख खर्च भइसकेको जानकारी दिए । सम्पत्तीकोरुपमा एक कट्ठा ऐलानी जमिनबाहेक अन्य आम्दानीको स्रोत नभएपछि सबैसँग हात फैलाउनु बाहेक तीलबहादुरको परिवारको अन्य विकल्प नभएको स्थानीय धनबहादुर तामाङले बताए ।

हप्ताको दुई पटक कोशी अस्पतालमा डायलासिस गर्न जाने गरेका तालमायाको डाइलासिस प्रक्रिया निःशुल्क भए पनि एक पटक जाँदा यातायात, खाना, औषधि, रगत लगायतमा अनुमानित पाँच हजार खर्च हुने गरेको छ । तालमायाको डाइलासिस प्रक्रियालाई जिल्ला कै कुनै अस्पतालमा निःशुल्क गराउन सकियो भने पनि आर्थिक रुपमा विपन्न तीलबहादुरको केही खर्च कम हुने स्वास्थ्यकर्मी एवम् अर्जुनधारा-१ का वडासचिव खगेन्द्र लिङ्देनले बताए ।

आर्थिकरुपमा विपन्न तालमायाको जीवन बचाउन सहयोग गर्ने महानुभावले ९८१६९६६१९३ र ९८६१०१२८४६ मा सम्पर्क गरी सहयोग पुर्‍याउन सबैसँग समितिले अपिल गरेको छ ।

नवगठित समितिको उपाध्यक्षमा गोविन्द घिमिरे, सचिवमा खगेन्द्र कोइराला, सहसचिवमा महेन्द्र आङदेम्बे, कोषाध्यक्षमा सुनिता उप्रेती र सदस्यहरुमा अर्जुन समाल, जानुका न्यौपाने, डम्बरकुमारी अधिकारी, तारा न्यौपाने, दधिराम बुढाथोकी, निर्माण आचार्य, निरानन्द पोखरेल, बद्री गुरागाईं, रोम आचार्य र सरस्वती ओझा रहेका छन् ।

# लोकसंगीत र लोकबाजाको संरक्षण

**बिर्तामोड, फागुन ३०।** पछिल्लो समय विभिन्न जातजातिका लोकसंगीत तथा लोकबाजाहरु लोप हुने अवस्थामा पुगेका छन् ।

युवापुस्ताले पश्चिमी गीत-संगीत र बाजाहरुलाई प्राथमिकता दिँदा विभिन्न जातजातिका लोकसंगीत तथा लोकबाजाहरु लोप हुने अवस्थामा पुगेको हो । यसैलाई मध्यनजर गर्दै बहुभाषिक साहित्य संगीत कलाकेन्द्र झापाले युवापुस्तालाई प्रशिक्षण दिएर विभिन्न जातजातिका लोकसंगीत तथा लोकबाजाहरुको संरक्षण गर्ने भएको छ ।

विभिन्न जातजातिका युवा पुस्तालाई ज्ञानको अभावमा लोकसंगीत र लोकबाजाहरु लोप हुने अवस्थामा पुगेकाले त्यसको संरक्षणका लागि प्रशिक्षण दिन लागिएको संस्थाका अध्यक्ष हरिप्रसाद पौडेलले बताए । त्यस्तै उनले आर्थिक अभावमा संगीत सिक्न नपाएका विभिन्न विद्यालयमा अध्ययनरत् युवा तथा अन्य युवालाई छनौट गरी डिप्लोमासम्मको संगीत सिकाइने जानकारी दिए ।

त्यस्तै महिलाहरुलाई नौमती बाजाको प्रशिक्षण दिएर पुरुष सरह बाजा बजाउन योग्य बनाइने तयारीमा संस्था रहेको जानकारी दिए । बहुभाषिक साहित्य संगीत कला केन्द्र झापाले गत माघमा बहुभाषिक साहित्य संगीत गोष्ठी समेत गरेको उनले बताए ।

उक्त कार्यक्रम गर्न एक लाख १० हजार एक सय ६० रुपैयाँ आम्दानी भएकोमा ८४ हजार एक सय ६० रुपैयाँ खर्च भएर २६ हजार रुपैयाँ बचत भएको उनले बताए । बचत रकमले लोकबाजा र लोकसंगीतको प्रशिक्षणमा खर्च गरिने उनले जानकारी दिए ।

# त्रिभुवन माविको अध्यक्षमा तिम्सिना

**बुद्धशान्ति, फागुन ३०।** बुद्धशान्ति-१ स्थित त्रिभुवन मावि होक्सेको नयाँ व्यवस्थापन समिति गठन भएको छ । समितिको अध्यक्षमा पुनः खड्गबहादुर तिम्सिना पवन पुनः चयन भएका छन् ।

२०७६ फागुन ११ गतेको आम अभिभावक भेलाबाट छनौटमा परेका आकांक्षीहरूमध्येबाट पुनः फागुन १८ गते बसेको आकांक्षीहरुको निर्णयले निवर्तमान अध्यक्ष खड्गबहादुर तिम्सिनालाई अध्यक्ष, मोहन तिम्सिना, सङ्गीता रिजाल थापा र शीला गिरी चौधरीलाई सदस्यमा चयन गरेको हो ।

चयन भएका पदाधिकारीहरूको बैठकले, पहलमान बराल र सिर्जना लिम्बूलाई मनोनित गरेपछि गाउँपालिका प्रतिनिधि टिकाप्रसाद धिमाल र प्रधानाध्यापक कुमार आचार्य पदेन सदस्य सचिव एवम् दिलबहादुर मिजार शिक्षक प्रतिनिधिमा चयन भएपछि व्यवस्थापन समितिले पूर्णता पाएको हो ।

सोही बैठकले पूर्व गाविस अध्यक्ष खडानन्द वाग्लेको संयोजकत्वमा १५ सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ ।


अध्यक्ष : खड्ग तिम्सिना (पवन)

सल्लाहकार सदस्यहरूमा विष्णुप्रसाद रिजाल, इन्द्रबहादुर लिम्बू, देवेन्द्र मगर, टंक काफ्ले विकल्प, त्रिलोचन घिमिरे, नन्दकुमार राई, छत्रबहादुर तिम्सिना, शिवबहादुर गिरी, नरेन्द्र भट्टराई, तुलसा रेग्मी, दधिराम रिमाल, सीता ढुङ्गेल, गोपाल खाती र हेमन्त बराल चयन भएका छन् ।

विद्यालय व्यवस्थापन समितिमा चयन भइसकेपछि अध्यक्ष तिम्सिनाले आफूले अघिल्लो समितिमा रहेर काम गर्दाको अनुभव र अहिले आएका क्रियाशील सदस्यहरुको सहकार्यले विद्यालयलाई नमूना उन्मुख गराउने प्रतिबद्धता जाहेर गरे ।

# मदिरा सेवनबाट छ जनाको मृत्यु

**झापा, फागुन ३०।** धनुषामा घरेलु मदिरा सेवनबाट एकै गाउँका छ जनाको मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार क्षिरेश्वरनाथ नगरपालिका-२ स्थित रमदैया भवाडीमा मदिरा सेवनबाट छ जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका-२ रमैदयाका ३५ वर्षीय बह्मदेव यादव, ३० वर्षीय राजु महरा, ३६ वर्षीय गुदरी महरा, ३० वर्षीय रामनारायण महरा, ४२ वर्षीय बिलास मण्डल र परवाहाका गिरिजानन्द झा रहेको इप्रका महेन्द्रनगरका इन्चार्ज प्रहरी निरीक्षक पप्पु नायकले जानकारी दिए । प्रहरी निरीक्षक नायकले होली पर्वमा अत्यधिक घरेलु मदिरा सेवनको उनीहरुको मृत्यु भएको बताए ।

जिल्ला प्रहरी कार्यालय धनुषा र इलाका प्रहरी कार्यालय महेन्द्रनगरको संयुक्त टोलीले शव परीक्षणका लागि प्रादेशिक अस्पतालमा ल्याएको जनाएको छ । घटनाको अनुसन्धानमा मृतकको घरपरिवारसँग सोधपुछ जारी रहेको प्रहरीको भनाइ छ ।

# शारीरिक दुर्बलतालाई चुनौति दिंदै दिपेश



शारीरिक रुपमा अशक्त भए पनि सोर्मा व्यवसाय शुरु गरेर जीवनयापनलाई सहज बनाउँदै झापा बिर्तामोडका दिपेश योञ्जनले उदाहरण पेश गरेका छन् ।

झापा बिर्तामोड नगरपालिका वडा नं. १ का दिपेश योञ्जन २०७३ सालको दशैंताका मोटरसाइकल दुर्घटनामा परे । एक महिनाको हस्पिटल बसाइपछि दुई वर्ष घरमै आराम गरेका योञ्जनको बाँया खुट्टाको हड्डी भाँचिएपछि यतिबेला उनी बैशाखीको साहारामा हिँडडुल गर्छन् ।

शारीरिक अवस्था कमजोर भए पनि परिवारको तथा विशेष गरेर श्रीमतीको साथ र सहयोग पाएपछि बिर्तामोडस्थित शनिश्चरेरोडबाट नेपाल बैंक जाने बाटोमा सोर्मा व्यवसाय शुरु गरेका छन् । गत माघ महिनामा सोर्मा स्टेशनको नामबाट शुरु गरेको व्यवसाय यतिबेला झापा जिल्लामा नमुना बनेको छ । सेन्डवीच बनाउने सोचका साथ सोर्माको व्यापार शुरु गरेको उनको भनाई छ ।

सोर्मा बिशेषतः अरवि मुलुकमा पाइने लोकप्रिय खाना अर्थात् नास्ताको रुपमा लिने गरिन्छ । यही अरवियन खाने कुरा नयाँ सोचका साथ बिर्तामोडमा भित्र्याएका दिपेश दुर्घटनामा पर्नुअघि पाँच वर्ष खाडीमुलुक दुबईको बसाइपछि नेपाल फर्केका थिए । तर, दुर्घटनामा परेपछि भने उनी नेपालमै बसेर केही गर्ने सोचका साथ सोर्माको व्यापारलाई अपनाएका छन् । होटल सम्बन्धी केही ज्ञान भएकाले शुरु गरेको व्यवसायमा आवश्यक सामग्री भारतबाट ल्याउँदा केही झन्झट भएको बताउँदै परिवारको राम्रो सहयोग पाएको उनको भनाई छ ।

यो सानो ठाउँ भाडामा लिएर शुरु गरेको विदेशी परिकार सोर्मा खान दैनिक १० जना रेगुलर ग्राहक रहेको व्यवसायमा, परिवारमा श्रीमतीबाट निरन्तर सहयोग पाइरहेका दिपेशले झापामै नमूना व्यवसाय शुरु गर्दै जीवनयापनमा सहजता ल्याउने प्रयासमा जुटेका छन् । सहकारीबाट दुई लाख ऋण लिएर व्यवसाय शुरु गरेका दिपेश भन्छन्- 'श्रीमतीको सहयोग नभएको भए व्यावसायिक ढंगले अगाडि बढ्न गाह्रो थियो ।'

स्वास्थ्यका लागि फाइदाजनक सोर्मा निर्माणका लागि चना, दही, आलु, कुखुराको मासु, रोटी लगायतका सामग्री प्रयोग हुने गरेको छ । शारीरिक दुर्बलता भए पनि सहज जीवनयापनका लागि दिपेश योञ्जनले प्रस्तुत गरेको उदाहरण जिल्लामै नमूना बनेको छ ।

**प्रस्तुतिः केशवराज भण्डारी**


## कनकाई माध्यमिक विद्यालय

कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७६/१२/०१*

१. कनकाई माध्यमिक विद्यालयमा तपसिल अनुसारको Construction या Educational Building Second Floor, Construction या Boundary Wall, Construction या Main Gate and Guard House, Purchase of ECD Play Station, Purchase of Laptop and Desktop Computers / Purchase of Desks/Benches and Furniture सम्बन्धी कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त व्यवसायी वा कम्पनीबाट निम्न शर्तको अधीनमा रही रितपूर्वक बोलपत्र आव्हान गरिन्छ ।

२. इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीले बोलपत्र फारम कनकाई माध्यमिक विद्यालयको कार्यालय, कनकाई नगरपालिका वार्ड नं. ३ को कार्यालय र भवानी बौद्धिक घर, कनकाई नगरपालिका-३, सुरुङ्गा बजारबाट तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ ।

३. यस सम्बन्धी थप जानकारी कनकाई माध्यमिक विद्यालय, कनकाई नगरपालिका-३, सुरुङ्गा, झापामा, उपस्थित भई वा फोन नं. ०२३-५५०१२५ मा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ ।

४. बोलपत्र (Tender) सम्बन्धी Bidding Document २०७६/१२/०१ गते देखि कार्यालय खुलेको दिन कार्यालय समयभित्र चालू आ.व.को लागि फर्म नवीकरण भएको इजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी सिलबन्दी बोलपत्रका साथ राखिएको हुनुपर्नेछ ।

५. बोलपत्र फारम मिति २०७६/१२/३० गते दिनको १:०० बजेसम्म बिक्रीका लागि तोकिएको ३ स्थानमा उपलब्ध हुनेछ ।

६. खरिद भएका प्रत्येक सिलबन्दी बोलपत्र २०७६/१२/३० गते साझ ५:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको प्रत्येक पेजमा छाप लगाई सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

७. सिलबन्दी बोलपत्रको मान्य अवधि दरभाउपत्र खोलिने दिनबाट ९० दिनको हुनुपर्नेछ र सिलबन्दी बोलपत्रका साथ नगद जमानि वा सो रकम बराबर सिलबन्दी दरभाउपत्र खोलिने मितिबाट कम्तिमा १२० दिन (२०७७/०४/०२ सम्म) म्याद भएको नेपालको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८. यदि बोलपत्र दाताले नगद जमानि राख्न चाहेमा सो नगद यस कार्यालयको नेपाल बैंक लिमिटेड, सुरुङ्गामा रहेको चल्ती खाता नं. १४७००१००९५१९८९००००१ वा राष्ट्रिय वाणिज्य बैंक विर्तामोड शाखा चल्ती खाता नं. २६२००००२२८०१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. दर्ता भएका सिलबन्दी बोलपत्र २०७७/०१/०३ गते (२०७७ साल बैशाख ३ गते) तल उल्लेख गरे अनुसारको समयमा सिलबन्दी बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र खरिद समितिका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

१०. सिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

११. सिलबन्दी बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बराबरको नगद जमानि वा काम सम्पन्न भएको मितिबाट घटीमा १ वर्ष म्याद भएको नेपालको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको कार्य सम्पादन जमानीपत्र (परफरमेन्स बण्ड/बिडबण्ड बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

१२. सिलबन्दी बोलपत्र तयार गर्ने सिलसिला वा बुझाउादा लाग्ने कुनै खर्च यस विद्यालयले व्यहोर्ने छैन ।

१३. सिलबन्दी बोलपत्र पुरै वा आंशिक स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस विद्यालय मा निहीत रहनेछ ।

१४. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१५. यस सूचनामा कुनै संशोधन भएमा त्यसको जानकारी यस कार्यालयको सूचना पाटीमा टाास गरिनेछ ।

१६. दर्ता भएको दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

१७. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१८. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसाग दरभाउपत्र बुझी, हेरी, साइट निरीक्षण गरी दरभाउपत्र भरेको मानिनेछ ।

१९. बोलपत्र खरिद गर्दा तोकिएको बोलपत्र फाराम शुल्क नेपाल बैंक लिमिटेड खाता नं. १४७००१००९५१९८९००००१ वा राष्ट्रिय वाणिज्य बैंक बिर्तामोड शाखा चल्ती खाता नं. २६२००००२२८०१ मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ ।

२०. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ (आठौं संशोधन २०७६) बमोजिम हुनेछ ।

२१. यस सम्बन्धी सम्पूर्ण विवरण कनकाई माध्यमिक विद्यालयको वेभसाइट www.kanakai.edu.np र कनकाई नगरपालिकाको www.kankaimun.gov.np मा समेत पनि राखिएको छ ।

**तपसिल :**

| दरभाउपत्र संकेत नं. | सिलबन्दी बोलपत्रको नाम | बोलपत्र फाराम शुल्क | लागत अनुमान (मू.अ.क. र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र जमानी रकम | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|
| MSD/SY/ /Kanakai/W/NCB-1 | Construction of Educational Building Second Floor | ३,०००/- | ७३,८९,६८६/५६ | २,१३,३८४/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |
| MSD/SY/ /Kanakai/W/NCB-2 | Construction of Boundary Wall | ३,०००/- | २६,८६,०३६/९७ | ७६,४०६/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |
| MSD/SY/ /Kanakai/W/SQ-3 | Construction of Main Gate and Guard House | ३,०००/ | ११,६६,५५३/५२ | ३४,१७७/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |
| MSD/SY/ /Kanakai/G/SQ-4 | Purchase of ECD Play Station | १,०००/- | १,९४,६९०/२७ | ५,५००/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |
| MSD/SY/ /Kanakai/G/SQ-5 | Purchase of Laptop and Desktop Computers | १,०००/- | ६,९३,२७४/३० | १९,५८५/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |
| MSD/SY/ /Kanakai/G/SQ-6 | Purchase of Desks/Benches and Furniture | १,०००/- | २,९३,२९६/४५ | ८,२८४/- | २०७७/०१/०३ दिनको १:०० बजे विद्यालयको कार्यालय |

**प्रधानाध्यापक**